जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ | •अंक २२२ | • २०८० साल पुस २४ गते मंगलबार (9 January, Tuesday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

# राष्ट्रिय सभाका लागि उम्मेदवारी दर्ता

## कांग्रेसमा आक्रोश, एमालेको उम्मेदवार फेरिए

**किरणकुमार कर्ण**

जनकपुरधाम । राष्ट्रिय सभा सदस्य पदका लागि मंगलवार उम्मेदवारी दर्ता सम्पन्न भएको छ । मधेश प्रदेशबाट २ स्थानका लागि ५ जनाले उम्मेदवारी दिएका छन् ।

राष्ट्रिय सभाको रिक्त भएको २० स्थान मध्ये २ स्थान मधेश प्रदेशको रहेको छ । त्यसमा १ जना महिला र १ जना अन्य रहेका छन् । मधेश प्रदेशका लागि रिक्त रहेको दुई स्थानमध्ये गठबन्धनको तर्फबाट नेपाली कांग्रेसलाई अन्य र जनता समाजवादी पार्टी (जसपा)ले महिला सिट पाएको छ ।

सत्ता गठबन्धनले रिक्त भएका पदमा नेपाली कांग्रेसबाट पुरुष तर्फ आनन्द प्रसाद ढुंगाना र जसपाबाट डा.पूजा चौधरीलाई उम्मेदवार बनाएको छ । कांग्रेसले अन्यमा ढुंगानाको नाम सिफारिस गरेपछि मधेशमा आक्रोश देखिएको छ। कांग्रेस मधेशमा मधेशी अनुहारलाई उम्मेदवार बनाउनुपर्ने कांग्रेसी नेता कार्यकर्ताहरुको भनाइ छ।

नेकपा एमालेले भने दुबै स्थानमा महिला उम्मेदवार नै उठाएको छ । अन्य उम्मेदवारको नाम मतदाता सूचीमा नरहेपछि अचानक महिलालाई नै उम्मेदवार बनाएको छ।

एमाले तर्फबाट उम्मेदवारी दिन पुगेका अर्जुन सिंह रित्तै फर्किनु परेको थियो । उनी कहिल्यै मतदान नै गरेका छैनन् । जनकपुरधाम स्थित निर्वाचन अधिकृतको कार्यालयमा तम्तयार भएर उम्मेदवारी दर्ता गराउन पुगेका सिंहले कागजपत्र जुटाई उम्मेदवारी फारम भरेर दिए पनि उनको उम्मेदवारी दर्ता नै भएन। मतदाता नामावलीमा सिंहको नाम फेला नपरेपछि उनको उम्मेदवार बन्ने सपना अधुरै रह्यो।



> मधेश प्रदेशमा १ सय ७ जना प्रदेशसभा सदस्य, १ सय ३६ पालिकाका प्रमुख र उपप्रमुख मध्ये २ सय ६७ जना जनप्रतिनिधि गरी कुल ३ सय ७४ मतदाताले आफ्नो मताधिकारको प्रयोग गर्नेछन् । प्रदेशसभा सदस्यको मतभार ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको मतभार १९ कायम गरिएको छ ।

एमालेको भातृ संगठन नेपाल



बुद्धिजीवी परिषद्का केन्द्रीय सचिवसमेत रहेका मधेश प्रदेशका ईञ्चार्ज सिंह मतदाता नरहेको बारे सबै बेखबर थिए । मतदाता समेत नरहेकालाई राष्ट्रिय सभाको उम्मेदवार बनाएपछि एमालेको निर्वाचन कार्यालयमै व्यापक आलोचना गरिएको थियो ।

बिगतमा पनि एमालेका नेता गंगाराम यादवले जुलुस सहित उम्मेदवारी दर्ता गराउन जाँदा मतदाता सूचीमा नाम फेला नपरेपछि अर्कै नेतालाई उम्मेदवार बनाइएको थियो।

बौद्धिक र विज्ञहरुको थलो मानिने राष्ट्रिय सभा सदस्य पदका लागि उम्मेदवारी दर्ता गर्न मनोनयन पत्र समेत दाखिला गरिसकेका एमालेका बुद्धिजीवी परिषद्का सदस्यको नाम मतदाता सूचीमा फेला नपरेपछि चौतर्फी उपहास हुन थालेको छ।

राष्ट्रिय सभाका लागि पनि सिंहको नाम मतदाता सूचीमा फेला नपरेपछि आकस्मिक रुपमा विजयेता झालाई उम्मेदवार बनाइएको छ । जनकपुरधाम उपमहानगरपालिकाको उपमेयरमा चुनाव उठ्ने उनी तयारी गरिरहेकी थिइन् ।

निर्वाचन अधिकृतको कार्यालय मधेश प्रदेशका प्रमुख न्यायाधीश चित्रबहादुर गुरुङ्गले मतदाता नामावलीमा नाम नहुँदा सिंहको उम्मेदवारी दर्ता नभएको जानकारी दिए ।

उनको ठाउँमा एमालेले विजयेता झालाई उम्मेदवारी दिन लगाए भने महिला पदमा उषा देवी थरुनीले उम्मेदवारी दर्ता गराइन् । जनमत पार्टीबाट अन्य पदमा रामशंकर महासेठले उम्मेदवारी दर्ता गराएका छन् ।

मधेश प्रदेशमा १ सय ७ जना प्रदेशसभा सदस्य, १ सय ३६ पालिकाका प्रमुख र उपप्रमुख मध्ये २ सय ६७ जना जनप्रतिनिधि गरी कुल ३ सय ७४ मतदाताले आफ्नो मताधिकारको प्रयोग गर्नेछन् । प्रदेशसभा सदस्यको मतभार ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको मतभार १९ कायम गरिएको छ।

यस निर्वाचनमा स्थानीय तहको ५ हजार ७३ मतभार र प्रदेशसभा सदस्यको ५ हजार ६ सय ७१ मतभार गरी कुल १० हजार ७ सय ४४ मतभार छ।

सत्ता गठबन्धन मध्ये नेपाली कांग्रेसको मतभार १ हजार ९ सय ५३ रहेको छ। त्यसैगरि माओवादी केन्द्रको ७ सय ५, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को ९ सय ३३ मतभार, नेकपा एसको ४ सय २४ र जसपाको १ हजार ८ सय ४३ मतभार रहेको छ । गठबन्धनको पक्षमा ५ हजार ९ सय ११ मतभार रहेकोले अन्य दलहरु गठबन्धन गरे पनि जीत गठबन्धनकै निश्चित रहेको छ।

नेकपा एमाले प्रदेशमा सबै भन्दा ठूलो दल देखिएको छ। एमालेको मतभार २ हजार ३ सय ५७ रहेको छ। त्यसैगरि जनमत पार्टीको मतभार ७ सय ४६ रहेको छ।

एकल रुपमा एमालेको मतभार बढी रहे पनि एमाले र जनमत पार्टीले छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका छन्।

नागरिक उन्मुक्ति पार्टीको १ जना सभासदको कुल ५३ मतभार रहेको छ। त्यो मत पनि सत्तागठबन्धनका उम्मेदवारलाई नै जाने निश्चित छ।

# ४७ किलो चाँदी सहित तीन पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । भन्सार छलेर काठमाण्डु पुऱ्याइएको ४७ किलो चाँदी सहित बारा र पर्सा जिल्लाका ३ जनालाई पक्राउ गरिएको छ।

विशेष सूचनाको आधारमा राजधानीको विभिन्न ठाउँबाट ४७ किलो अवैध चाँदी बरामद गरिएको प्रहरीले जनाएको छ। बिल विजक बिनाको चाँदीको गहना सहित बारा पर्साका तीन जना युवालाई पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान प्रहरी कार्यालयले जनाएको छ।



बाराको कलैया उपमहानगरपालिका वार्ड नम्बर १० बस्ने कामेश्वर शाह, बाराकै विश्रामपुर गाउँपालिकाका मनिष सर्राफ र पर्साको बीरगञ्ज महानगर-३ का सुमन कुमार सर्राफलाई पक्राउ गरिएको उपत्यका प्रहरीले जनाएको छ।

जाडोमा लिनुपर्ने सावधानीहरू

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरू गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि व्यायाम सुरू गर्ने।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरुरी छ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढ्ने हुनाले धेरै चिल्लो, फ्राइ, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ।

जनकनन्दिनी गाउँपालिका
खजुरी, धनुषा, मधेश प्रदेश

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
AS
ANJANI SUITE
विशेषताहरु
• लक्जरीयर्स रुमहरु
• ठुलो पार्किङ
• जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
• EV चार्जिङ्ग स्टेशनको व्यवस्था
• मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
• विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा







# कृषिक्षेत्रलाई प्रभावकारी बनाउन वैज्ञानिकको सुझाव

**अनिल तिवारी**

वीरगञ्ज । कृषि क्षेत्रका अनुसन्धानलाई प्रभावकारी बनाउने बारेमा वैज्ञानिकहरुको भेला आयोजना गरिएको छ । राष्ट्रिय मत्स्य ,भैसी, पंक्षी, बाख्रा, चरन तथा घाँसे बाली अनुसन्धान कार्यक्रमका वैज्ञानिकहरुको भेलामा कृषिक्षेत्रमा आउने आगामी चुनौती तथा अनुसन्धानात्मक परियोजनाहरुलाई अझ सबल बनाउने तर्फ सोमबार देखि छलफल सुरु भएको छ ।



कार्यक्रमलाई उद्घाटन गर्दै नेपाल कृषि अनुसन्धान परिषद्का निमित्त कार्यकारी निर्देशक डा. लुमानिधि पाण्डेले परिषद्का वैज्ञानिकहरुले गर्ने अनुसन्धानलाई थप प्रभावकारी बनाउन निर्देशन दिए ।

राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्रको संयुक्त आयोजनामा सोमबार देखि सुरु भएको उक्त भेला तीन दिनसम्म चल्ने जनाइएको छ ।

परवानीपुर स्थित कृषि अनुसन्धान निर्देशनालयमा आयोजित पशु पंक्षी तथा मत्स्य अनुसन्धान कार्यसमूह बैठकको उद्घाटन समारोहलाई सम्बोधन गर्दै निर्देशक डा पाण्डेले आगामी दिनहरुमा गरिने अनुसन्धानात्मक कार्यक्रमहरुलाई थप प्रभावकारी बनाएर लैजाने कुरामा जोड दिए ।

उनले योजना तर्जुमाका विधिहरुमा समेत परिमार्जन गरिएको बताउदै सीमित स्रोत साधनका बीच पनि अनुसन्धानका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्न यो ३ दिने बैठक महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

# वर्तमान सरकार पूर्णरुपले सफल : अध्यक्ष नेपाल

**टुडे समाचारदाता**

वीरगञ्ज । नेकपा एसका राष्ट्रिय अध्यक्ष माधवकुमार नेपालले वर्तमान गठबन्धनको सरकार पूर्णरुपले सफल भएको बताएका छन् । उनले वर्तमान सरकारको विकल्प नरहेको बताएका छन् ।

नेकपा एस बाराले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री समेत रहेका अध्यक्ष नेपालले गठबन्धनको सरकार राम्रो काम गरिहेको दावी गरे । वर्तमान सरकार भ्रष्टाचारको विरोधमा लागि परेको बताउँदै उनले देशलाई समृद्धिको बाटोमा पुर्‍याउने नेकपा माओवादी र एकीकृत समाजवादी बाहेक विकल्प नरहेको बताए ।





एकीकृत समाजवादी पार्टी बाराले परवानीपुरमा आयोजनमा गरेको पार्टी प्रवेश कार्यक्रममा बोल्दै उनले भ्रष्टाचारको विरुद्ध अहिले नेकपा माओवादी र एकीकृत समाजवादी मिलेर अगाडि बढेको बताए। नेता नेपालले मुलुकबाट युवाहरुलाई विदेश पलायन हुनबाट रोक्न कृषि क्षेत्रलाई आकर्षित बनाउनु पर्ने आवश्यकता रहेको बताए । मुलुक राजा महराजाको देश नभइ जनताको देश भएको बताउदै उनले अब राजा आउने कल्पना दिवा सपना मात्रै भएको दाबी गरे ।

परवानीपुर गाउपालिका कमिटीका अध्यक्ष रमकेश्वर पटेलको अध्यक्षतामा भएको कार्यक्रममा १ सय भन्दा बढीले विभिन्न पार्टी परित्याग गरी नेकपा नेकपा एसमा प्रवेश गरेका थिए ।

# साना सञ्चारमाध्यमलाई निःशुल्क सेवा दिनेछौँ : झा

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससलाई राज्यले थप सहयोग उपलब्ध गराएमा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई निःशुल्क सेवा दिन तयार रहेको बताएका छन् ।



राससले सोमबारदेखि प्रारम्भ गरेको अवधि भाषा समाचार सेवाको उद्धाटन कार्यक्रममा अध्यक्ष झाले अहिले पनि राससले न्यूनतम शुल्कमा समाचार सामग्री उपलब्ध गराइरहेको जनाउँदै राज्यबाट थप सहयोग प्राप्त भएमा निःशुल्क सेवा उपलब्ध गराउन सकिने बताए ।

"संविधानले प्रत्याभूत गरेको सूचनाको हक निःशुल्करुपमा उपलब्ध हुनुपर्छ भन्नेमा हामी जानकार छौँ, तर सूचना प्रशोधनका लागि केही शुल्क लिने व्यवस्था कानुनमा पनि गरिएको छ, राससले पनि स्थानीय र साप्ताहिक पत्रपत्रिकाका लागि मासिक रु दुई हजार सात सयमा २५ प्रतिशत छुट दिँदै आएको छ, यदि उक्त रकम सरकारबाट प्राप्त भएमा हामी ती सञ्चारमाध्यमलाई निःशुल्क सेवा दिनेछौँ", अध्यक्ष झाले भने । उनले वर्तमान सरकारको नीतिगत प्रस्तावमा राससले पनि साझेदारी गर्न लागिरहेको उल्लेख गर्दै राष्ट्रिय भाषामा समाचार सेवा प्रारम्भ हुनु रासससका लागि गौरवको विषय भएको बताए ।

"राससले लोकतन्त्र, सङ्घीयता र समावेशीतालाई स्वीकार मात्रै नगरी कार्यान्वयनसमेत गरेको छ", अध्यक्ष झाले भने, "तीन तहका सरकारको अनुदान र सहकार्य बढाउँदै आगामी दिनमा अन्य राष्ट्रिय भाषामा पनि समाचार सम्प्रेषण गरिनेछ ।"

विभिन्न भाषाभाषीका पत्रपत्रिका समाचारमूलक सामग्रीको अभावमा बन्द हुने अवस्थामा पुगिरहेका जनाउँदै अध्यक्ष झाले रासससबाट सुरु भएको मातृभाषाको समाचार सेवाले त्यस्ता सञ्चारमाध्यमलाई पूरकको काम गर्ने बताए । उनले अवधि भाषामा समाचार सेवाका लागि सहयोग गरेकामा नेपालगञ्ज उपमहानगरपालिकाप्रति धन्यवाद व्यक्त गरे ।

अध्यक्ष झाले सङ्घीयता र समावेशीताको मर्मलाई आत्मसात् गर्दै रासससको यस प्रयासलाई सार्थक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोमा नेपालगञ्ज उपमहानगरपालिका प्रमुख प्रशान्त विष्ट, उपप्रमुख कमरुद्दीन राई, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर खड्कालगायत कार्यपालिका सदस्यप्रति आभार प्रकट गरे ।

सोमबारदेखि रासस नयाँ युगमा प्रवेश गरेको उल्लेख गर्दै अध्यक्ष झाले पछिल्लो डेढ वर्षको अवधिमा राससमा भिडियो, विचार र मातृभाषामा समाचार सम्प्रेषण सुरु भएको जानकारी दिए। "अहिलेको आवश्यकताअनुसार समाचार सामग्रीमा विविधीकरण गरिएको छ", उनले भने, "राज्यको सञ्चारमाध्यमका रुपमा राससले राज्यका सबै अङ्गसँग सहकार्य गर्न तयार छ ।"

जनताको करबाट सञ्चालित सञ्चारमाध्यमका रुपमा रासस रहेको उल्लेख गर्दै कार्यकारी अध्यक्ष झाले करदातालाई राससप्रति अपनत्व र आवश्यकता बोध गराउने जिम्मेवारी पूरा गर्नुपर्ने दायित्व रहेको बताए । "यस सन्दर्भमा हामी गम्भीर र सचेत छौँ", उनले भने, "रासससका समाचार सामग्रीको सबैले अपनत्व ग्रहण गर्ने सक्ने सेवामा विविधीकरण गरिएको हो ।"

राससले आफ्नो सेवालाई २४ घन्टै निरन्तरता दिनुपर्ने अहिलेको आवश्यकता भएको उल्लेख गर्दै अध्यक्ष झाले सेवाग्राहीको समयसीमा नभएका सन्दर्भमा राससले दिनरात नभनी अहोरात्र सेवा प्रवाह गर्नुपर्ने बताए। "२१औँ शताब्दीको अन्तर्राष्ट्रियस्तरको समाचार समिति बन्छौँ", उनले भने, "अब त्यो बाटोमा जानैपर्छ, केही नयाँ सुरुआत गर्नैपर्छ, यथास्थितिमा धेरै बस्न सक्दैनौँ ।"

> **आजको दिन रासससको जीवनमा ऐतिहासिक भएको जनाउँदै कार्यकारी अध्यक्ष झाले ६२ वर्षको इतिहासमा नेपाली र अंग्रेजी भाषामा मात्र समाचार दिँदै आएको यो संस्थाले अन्य भाषालाई पनि समान स्थान दिएको बताए ।**

आजको दिन रासससको जीवनमा ऐतिहासिक भएको जनाउँदै कार्यकारी अध्यक्ष झाले ६२ वर्षको इतिहासमा नेपाली र अङ्ग्रेजी भाषामा मात्र समाचार दिँदै आएको यो संस्थाले अन्य भाषालाई पनि समान स्थान दिएको बताए । "यसअघि नेपाली र अङ्ग्रेजी भाषालाई मात्र चिनेको अवस्था थियो, बाँकी भाषासँग रासससको कुनै सम्बन्ध थिएन", उनले भने ।

# सङ्घीय संसद्का भवन द्रुत गतिमा निर्माण हुँदै



**टुडे समाचारदाता**

काठमाण्डु । संघीय संसदका निर्माणाधीन १२ भवनको काम द्रुत गतिमा भइरहेको छ । प्रतिनिधिसभा र राष्ट्रियसभाका लागि ठूला बैठक कक्षसहित सानाठूला गरी १२ भवन एकै साथ निर्माण अघि बढिरहेका छन् ।

प्रतिनिधिसभा राज्यव्यवस्था तथा सुशासन समितिको टोलीले सोमबार सिंहदरबार परिसरमा निर्माणाधीन भवनको अवलोकन गरेको छ । सो अवसरमा सहरी विकासमन्त्री सीता गुरुङले भवन निर्माणमा देखिएको चुनौती, समाधानका लागि गरिएका प्रयास र हालसम्मको प्रगतिबारे संसदीय टोलीलाई जानकारी गराईन् ।

निर्माणाधीन सङ्घीय संसद्को हालसम्मको भौतिक प्रगति ७७ प्रतिशत पुगेको सो अवसरमा जानकारी दिइयो । अवलोकनका क्रममा मन्त्री गुरुङले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै पहिलो प्राथमिकता राखेर सङ्घीय संसद्को नयाँ भवन निर्माण अघि बढाएको बताईन् ।

"भवन निर्माणलाई अघि बढाउने सिलसिलामा आएका चुनौतीलाई पन्छाएर ५० प्रतिशतबाट बढाएर अहिले भौतिक प्रगति ७७ प्रतिशत पुऱ्याइएको छ", मन्त्री गुरुङले भनिन्, "छिटोभन्दा छिटो निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ। समस्याको पहिचान र समाधानका लागि अहोरात्र प्रयास गरिराखेका छौँ ।"

भ्याट बाहेक रु छ अर्ब ९२ करोडको लागतमा अघि बढेको उक्त परियोजनाको वित्तीय प्रगति ६८.१ प्रतिशत पुगेको छ । उक्त भवन निर्माणका लागि हाल दैनिक तीन सयभन्दा बढी कामदार खटिएको आयोजना कार्यालयले जनाएको छ । लक्ष्यअनुरुप नै जिम्मेवारी पूरा गर्न द्रुत गतिमा काम गरिरहेको बताउँदै मन्त्री गुरुङले भवनको जिम्मेवारीलाई पूरा गर्न निर्माण तथा अनुगमनलाई नियमित गर्दै चुस्त बनाइएको जानकारी दिईन् ।

समिति सभापति रामहरि खतिवडाले पहिले नै तयारी हुनपर्ने भवन कोभिड-१९ सङ्क्रमणलगायत विभिन्न कारण र परिस्थितिले निर्माण प्रभावित हुँदैआएको प्रतिक्रिया दिए । कठिन मानिएको दुवै सदनको सभाकक्षको छानाको कार्य अघि बढिसकेको पनि त्यस अवसरमा जानकारी दिइएको थियो ।

खतिवडाले भने, "भवन निर्माणको हालको कार्य प्रगति सन्तोषजनक छ । मन्त्रिसहितको टोलीबाट भइरहेको मेहनत र प्रयासलाई धन्यवाद दिन्छौँ । आगामी बजेट अधिवेशन यो भवनबाट सुरु गर्ने वातावरणका लागि अनुरोध गरिएको छ।" दुई सत्रमा कामदार खटाएर छिटोभन्दा छिटो काम पूरा गर्न निर्देशन दिइएको बताउँदै उनले आजसम्मको प्रगतिलाई हेर्दा निर्धारित समयमा निर्माण सम्पन्न गर्नाका लागि थप मेहनत गर्नुपर्ने देखिएको उल्लेख गरे ।

प्रतिनिधिभाको भूइँ तलाको भित्री निर्माण र प्लास्टरको काम अन्तिम चरणमा पुगेको तथा अरु कार्य भने तदारुकताका साथ अघि बढिरहेको छ । आयोजना निर्देशक मचाकाजी महर्जनका अनुसार आयोजनाको भौतिक प्रगति ७७ प्रतिशत पुगेको र पछिल्लो सम्झौता बमोजिम आगामी चैत १५ गतेसम्म भवन हस्तान्तरण गरिसक्नु पर्नेछ ।

अत्याधुनिक सुविधा सम्पन्न र विश्वमै उत्पादन भएका नयाँ प्रविधि जडान गरिने भनिएको उक्त भवन निर्माण सहरी विकास तथा भवन निर्माण विभाग मातहतको विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट भइरहेको छ ।

# शिक्षकको व्यवस्था गर्न सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । मदरसा, गुम्बा, विहार, मुन्धुम र विशेष शिक्षासँग सम्बन्धित संस्थाका प्रतिनिधिले आफूहरूका लागि शिक्षक दरबन्दी र मातृभाषा शिक्षकको व्यवस्था गर्न प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिसँग आग्रह गरेका छन् ।

समितिको सोमबार बसेको बैठकमा शिक्षा विधेयक, २०८० माथिको छलफलका क्रममा विशेष शिक्षा परिषद्का शिक्षक प्रतिनिधि अनिल अम्गाइले हाल विशेष कक्षा सञ्चालनमा संलग्न एक सय ७२ शिक्षक र एक सय आठ विद्यालय कर्मचारीलाई एकपटकका लागि आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्ने व्यवस्था गर्न माग गरे । मुन्धुम शिक्षाका अभियन्ता अमर लिम्बूले शिक्षा विधेयकमा मातृभाषा शिक्षकको व्यवस्था गर्न सुझाव दिए । मदरसा शिक्षाका प्रतिनिधि मोहम्द मिजामुद्दिनले मदरसामा मुस्लिम समुदायकै प्रधानाध्यापकको व्यवस्था हुने प्रावधान विधेयकमा गरिनुपर्नेमा जोड दिए । नेपाल बौद्ध महासङ्घका प्रतिनिधि कमल भण्डारीले परम्परागत शिक्षालाई व्यवस्थापन गर्न बेग्लै बोर्ड गठनको व्यवस्था विधेयकमा राख्न सुझाव दिए ।

समितिले यसअघि स्थानीय तहका जनप्रतिनिधिका महासङ्घ, नेपाल शिक्षक महासङ्घ, निजी विद्यालय सञ्चालकका संस्था, अस्थायी शिक्षक र विद्यालय कर्मचारीलगायत क्षेत्रसँग छलफल गरिसकेको छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कूम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामस्थित जानकी मन्दिर प्राङ्गणमा 'सीता-राम' आलाप सहितको भजनकीर्तन गाउँदै भक्तजन । आजन्म अखण्ड श्री सीताराम महायज्ञ नाम दिइएको यो भजनकीर्तन वि.सं २०१८ सालदेखि मन्दिरमा २४ सै घण्टा निरन्तर चलिरहेको पुजारी गोपालदास महाराजले जानकारी दिनुभयो । *तस्बिर : रासस*

# मेयरद्वारा हाकिममाथि हातपात

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको कंचनरुप नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतमाथि मेयरले हातपात गरेको भन्दै सो पालिकाका कर्मचारी आन्दोलित भएका छन् । मेयर ललनप्रसाद गुप्ताले प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम घिमिरेलाई सोमबार आफ्नै कार्यकक्षमा बोलाएर हातपात गर्नुका साथै दुर्व्यवहार गरेको भन्दै कर्मचारीहरु कामकाज ठप्प पारेका छन् ।



उनीहरुले कार्यालय प्रमुख घिमिरेमाथि यसरी अमानवीय व्यवहार गर्ने नगर प्रमुख गुप्तालाई कानुन बमोजिमको कारवाही माग गर्दै एक विज्ञप्ति समेत जारी गरेका छन् । कर्मचारी परिवारको तर्फबाट जारी विज्ञप्तिमा २१ जना कर्मचारीको हस्ताक्षर रहेको छ । विज्ञप्तिमा नगर प्रमुख गुप्तामाथि कारबाही नभएसम्म अत्यावश्यक बाहेकका सबै कामकाज ठप्प पार्ने उल्लेख गरिएको छ ।

कर्मचारीहरुले ऐन नियम विपरीतका काम कारबाही तथा भुक्तानी लगायतका विषयमा प्रमुख प्रशासकीय अधिकृत घिमिरेले आपत्ति जनाउँदा आवेशमा आएर नगर प्रमुख गुप्ताले त्यस्तो व्यवहार गरेको दाबी गरेका छन् ।

नगर प्रमुख गुप्ताले भने आफूले प्रमुख प्रशासकीय अधिकृत घिमिरेसंग त्यस्तो कुनै अप्रिय व्यवहार नगरेको दाबी गरेका छन् । उनले सेवाग्राहीहरुको समस्या र गुनासोबारे बुझ्न खोज्दा प्रमुख प्रशासकीय अधिकृत घिमिरे उल्टै आवेशमा आएको र सामान्य बहस मात्र भएको बताए । "मैले कुनै हातपात गरेको छैन, नगरप्रमुख गुप्ताले भने-'कार्यालयको सिसी टिभी क्यामेरा फुटेज हेर्दा सबै कुरा छर्लङ्ग हुन्छ ।'

# पाँच ऐन खारेज, २८ संशोधन गर्न परिसंघको सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । उद्योगीहरूको छाता संस्था नेपाल उद्योग परिसङ्घले विभिन्न पाँचवटा ऐन खारेज, २८ कानुन संशोधन र तीन नयाँ कानुन ल्याउन सरकारलाई सुझाव दिएको छ। समग्र आर्थिक विकासका लागि गरिनुपर्ने कानुनी सुधारबारे सोमबार परिसङ्घले पत्रकार सम्मेलन गर्दै यस्तो सुझाव दिएको हो ।




परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले मुलुकको समग्र आर्थिक विकासका लागि अनुकूल कानुनी व्यवस्था पहिलो शर्त भएकाले अर्थतन्त्रसँग सम्बन्धित विद्यमान पुराना एवं असान्दर्भिक कानुनमा सुधार गर्न आवश्यक रहेको बताए । मुलुकको औद्योगिक विकास र उन्नयनका लागि उत्पादनमूलक क्षेत्रको विकास तथा लगानीमैत्री वातावरणका लागि सहज कानुनी प्रावधान आवश्यक रहने उनको भनाइ थियो ।

विद्यमान कानुनमा सुधारको आवश्यकता महसुस गराउँदै सरकारलाई सुझाव दिने अध्यक्ष अग्रवालले बताए।सरकारलेआगामीवैशाखमा लगानी सम्मेलन आयोजना गर्ने तयारी गरिरहेको सन्दर्भमा अहिले नै कानुनी सुधारको प्रयास थालिए अन्तर्राष्ट्रिय लगानीकर्तामाझ पनि त्यसले सकारात्मक सन्देश जाने उनको भनाइ थियो । हाल कार्यान्वयनमा रहेका विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, क्षतिपूर्ति ऐन, २०१९, कालोबजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, नेपाल एजेन्सी ऐन २०१४ र पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ खारेज गर्नुपर्ने सुझाव परिसङ्घले दिएको छ ।

संशोधन गर्नुपर्ने कानुनमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा नियमावली, सार्वजनिक-निजी साझेदारी लगानी ऐन तथा नियमावली, औद्योगिक व्यवसाय ऐन तथा नियमावली, मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली, श्रम ऐन तथा नियमावली, वन ऐन तथा नियमावलीलगायतका रहेका परिसङ्घका अध्यक्ष अग्रवालले जानकारी दिए ।

विशेष आर्थिक क्षेत्र, राजस्व न्यायाधिकरण, राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण, आयकर, कम्पनी ऐन, भूमिसम्बन्धी, जग्गा प्राप्ति, सार्वजनिक खरिद, विद्युत् ऐन र संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन संशोधन गर्नुपर्ने परिसङ्घको भनाइ छ ।

त्यस्तै, खानी तथा खनिज पदार्थ ऐन र नियमावली, नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली २०७८ (तेस्रो संशोधनसहित), संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, बोनस नियमावली, जग्गा हदबन्दी छुट दिनेसम्बन्धी आदेशलगायतका कानुन संशोधन गर्न परिसङ्घले आग्रह गरेको छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९, पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ र भुक्तानी सुरक्षण ऐन नयाँ निर्माण गर्नुपर्ने परिसङ्घले सरकारलाई सुझाव दिएको छ ।

# जनवाद नयाँ ढङ्गले लागू गर्दैछु : दाहाल

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नीति निर्माणमा जनताको नियमन, निगरानी र हस्तक्षेप आवश्यक रहेको बताएका छन् ।

जनतासँग माओवादी विशेष रूपान्तरण अभियानको समापनका अवसरमा बागमती प्रदेश, उपत्यका विशेष प्रदेश र सम्पर्क समन्वय प्रदेशद्वारा सोमबार संयुक्त रूपमा आयोजित समीक्षा बैठकमा प्रधानमन्त्रीले शासन प्रणालीमा जनताको निगरानी र हस्तक्षेप लागू गर्न चाहेको बताए ।

सरकारको नीति तथा कार्यक्रम र बजेटको परम्परागत ढाँचा बदलेर जनप्रतिनिधि र जनताको प्रत्यक्ष सहभागिता हुने ढाँचामा प्रस्तुत गर्ने तयारी गरिएको बताए । उनले भने, "आज दिनभरि सिंहदरबारमा बसेर सरकारको नीति तथा कार्यक्रम र बजेटमा क्रमभङ्ग गर्नेबारे छलफल भएको छ, बजेटको परम्परागत ढाँचाले देशको विकास र रूपान्तरण सम्भव छैन भनेर नै मैले अघिल्लो वर्ष बजेटको




ढाँचा बदल्ने कुरा गरेको थिएँ, आज त्यसको थालनी भएको छ ।"

प्रधानमन्त्री दाहालले नीति तथा कार्यक्रम प्रस्तुत भएपछि त्यसमाथि व्यापक बहस हुने र त्यसका आधारमा बजेट बनाइने बताउँदै भने, "यो सबैभन्दा लोकतान्त्रिक ढाँचा र प्रक्रिया हो, सरकारको नीति तथा कार्यक्रम, बजेटमा जनता र जनप्रतिनिधिको निगरानी, नियन्त्रण एवं हस्तक्षेप चाहिन्छ भनेर नै यो विधि अपनाउँदैछौँ ।" उनले भने, "हामीले २१औँ शताब्दीको जनवादमा भनेका थियौँ, राज्यमा जनताको निगरानी, नियन्त्रण र हस्तक्षेप लागू गर्नेछौँ, यो पनि आफैँमा त्यसको एक रूप हो ।"

सरकारले एक वर्षको अवधिमा नयाँ काम गरेको र आगामी वर्ष अझ प्रभावकारी कार्ययोजनाका साथ अगाडि बढ्ने प्रधानमन्त्रीले बताए। उनले भने, "सरकारले एक वर्षको अवधिमा राम्रा काम गरेको छ।

इतिहासमै नभएको भ्रष्टाचारविरूद्धको अनुसन्धान भएको छ, सेवा प्रवाह र सुशासनमा पनि आवश्यक प्रयास जार छ। यसले देशभित्र र बाहिर उत्साह थपेको छ। यसमा नै टेकेर आगामी वर्ष अझ राम्रो गरिनेछ, सिङ्गो पार्टीले सरकारलाई सहयोग गरोस् ।"

अध्यक्ष दाहालले चाँडै नै पार्टीको स्थायी समिति बैठक बसेर विधान सम्मेलनको तयारी गरिने र त्यसपछि पार्टी अझ व्यवस्थित बन्ने बताए । उनले भने, "पार्टी विधानको मस्यौदा तयार भएको छ । चाँडै स्थायी समितिको बैठक हुनेछ । पार्टीको विधान तल्ला कमिटीमा पठाउने निर्णय गर्छौं । विधान सम्मेलन अभियानका रूपमा अगाडि बढ्छ । यस बीचमा पार्टी एकताको प्रक्रिया पनि अगाडि बढाइनेछ, समाजवादी मोर्चा पनि सुदृढ हुँदै जानेछ ।"

# अर्थतन्त्र सुधारका लागि उद्योग परिसंघको सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल उद्योग परिसङ्घले मुलुकको अर्थतन्त्रको विकासका लागि कानुनमा गरिनुपर्ने सुधारसम्बन्धी विस्तृत सुझाव सरकारलाई बुझाएको छ । परिसङ्घ अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको टोलीले बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'लाई सो सुझाव हस्तान्तरण गरेको परिसङ्घले जनाएको छ । परिसङ्घले प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे एवं नेपाल सरकारका मुख्य सचिव डा वैकुण्ठ अर्याललाई पनि उक्त सुझाव बुझाएको छ ।

> परिसंघका अध्यक्ष अग्रवालले कानुन सुधारका लागि पहलकदमी लिन ढिला भइरहेको महसुस परिसंघले गरेकाले सरकारलाई सुझाव उपलब्ध गराएको बताए । समृद्ध अर्थतन्त्रका लागि कानुनमा सुधार अपरिहार्य रहेको परिसंघको स्पष्ट धारणा रहेको उनको भनाइ छ ।

परिसङ्घले २८ वटा ऐन, नियमावलीमा संशोधन, पाँचवटा ऐन खारेज गर्न र तीनवटा नयाँ ल्याउनुपर्ने ऐन किटान गरी सरकारलाई अध्ययनसहितको सुझाव उपलब्ध गराएको हो ।

परिसङ्घका अध्यक्ष अग्रवालले कानुन सुधारका लागि पहलकदमी लिन ढिला भइरहेको महसुस परिसङ्घले गरेकाले सरकारलाई सुझाव उपलब्ध गराएको बताए । समृद्ध अर्थतन्त्रका लागि कानुनमा सुधार अपरिहार्य रहेको परिसङ्घको स्पष्ट धारणा रहेको उनको भनाइ छ।

कानुनका विज्ञ, उद्योगी व्यवसायी तथा सरोकारवाला निकाय एवं व्यक्तिसँगको गहन छलफल, विषय विज्ञको राय सुझाव, छिमेकी मुलुक र नेपालको आर्थिक भौगोलिक अवस्थासँग मेल खाने मुलुकको कानुनको अनुसन्धानात्मक अध्ययन गरी सुझाव उपलब्ध गराइएको उनको भनाइ छ ।

अध्यक्ष अग्रवालले सरकारलाई बुझाइएको सुझावमा पाँचवटा खारेज गर्नुपर्ने, तीनवटा नयाँ कानुन ल्याउनुपर्ने, १८ ऐन तथा १० वटा नियमावली, एउटा कार्यविधि र एउटा आदेशका दफा उल्लेख गरिएको बताए । उहाँका अनुसार औद्योगिक व्यवसाय ऐन, २०७६, औद्योगिक व्यवसाय नियमावली, २०७८, आयकर ऐन, २०५८, कम्पनी ऐन, २०६३, भूमिसम्बन्धी ऐन, २०२१, वन ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७, विशेष आर्थिक क्षेत्र ऐन, २०७५ लगायत ऐनसम्बन्धी सुझाव छन् ।

मुलुकको विद्यमान कानुनी व्यवस्थाको सुधारबाट समग्र आर्थिक विकासमा टेवा मिल्ने विश्वास परिसङ्घको छ । अध्यक्ष अग्रवालले आगामी वैशाखमा हुन लागेको लगानी सम्मेलन अगाडि नै कानुनमा सुधार गर्न सरकारले प्रक्रिया अगाडि बढाउने विश्वास व्यक्त गरे ।

त्यस अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले परिसङ्घले दिएका सुझाव महत्वपूर्ण भएको बताउँदै त्यसमा मनन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# 'बर्लिन पर्यटन मेला'मा नेपालले सहभागिता जनाउने

**टुडे समाचारदाता**

काठमाण्डु । अन्तर्राष्ट्रिय पर्यटन व्यापार मेला नेपालको पर्यटकीय उत्पादन र सेवालाई विश्व बजारमा प्रवर्द्धन गर्ने उपयुक्त माध्यम हो । विश्वभरका पर्यटन व्यवसायीको जमघट हुने पर्यटन मेलामा नेपालले आफ्ना पर्यटकीय सेवा अन्य मुलुकमा बजारीकरण मात्रै हैन नेपाल गन्तव्यको प्रवर्द्धनमा टेवा पुग्छ । त्यसैले नेपालले विश्वकै ठूलो पर्यटन व्यापार मेला, ' आइटिबी', 'डब्लुटिएम' जस्ता महत्वपूर्ण अन्तर्राष्ट्रिय मेलामा सहभागिता जनाउदैं आएको छ।



यसै सन्दर्भमा नेपालले आगामी फागुनको तेस्रो साता जर्मनीको बर्लिनमा आयोजना हुने विश्वकै ठूलो पर्यटन व्यापार मेला 'आइटिबी' मा सहभागिता जनाउने भएको छ । निजी क्षेत्रका पर्यटन व्यवसायीसँगको सहकार्यमा प्यासिफिक एसिया ट्राभल एशोएिसन (पाटा) नेपाल च्याप्टरले बार्लिनमा आगामी फागुन २२ देखि २४ सम्म हुने मेलामा सहभागिता जनाउने भएको हो । मेलामा नेपालको तर्फबाट ३७ पर्यटन संस्थाको सहभागिता रहने पाटा नेपाल च्याप्टरले जनाएको छ।

पाटा नेपाल च्याप्टरका अध्यक्ष विभूति चन्द ठाकुरका अनुसार अन्तर्राष्ट्रिय बजारीकरणका लागि आइटिबी, डब्लुटिएम जस्ता कार्यक्रम अपरिहार्य रहेको र नेपालको उपस्थिति छुटाउन नहुने भएकाले सदस्य संस्था तथा पर्यटन उद्योगका सरोकारवाला संस्थाको माग बमोजिम मेलामा सहभागिता जनाउन लागिएको हो।

कोरा टुरका प्रबन्ध निर्देशक विजय अमात्यले नेपालको पर्यटन प्रवर्द्धनको प्रभावकारी बजारीकरण गर्ने उपयुक्त थलो अन्तर्राष्ट्रिय पर्यटनमेला भएकाले नेपाल गन्तव्यको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

"देशको पर्यटनलाई अगाडि बढाउने महत्वपूर्ण विषय भनेको देशको 'भिजिबिलिटी' हो । विश्वका पर्यटकलाई नेपाल चिनाउने मुख्य आधार पनि मेला भएकाले नेपाल पर्यटन बोर्डलगायत निजी क्षेत्रका व्यवसायी सरोकारवालाका लागि यस्ता फोरम उपयुक्त माध्यम बन्छन् । त्यसैले नेपालको सक्रिय र प्रभावकारी सहभागिता जनाउनैपर्छ ।"

मेलामा विश्वभरका होटल, टुरिज्म बोर्ड, टुर अपरेटर, सेवा प्रदायक, एयरलाइन्सलगायत कम्पनी सहभागी हुनेछन् । बर्लिनमा मार्चमा वार्षिक रुपमा मेला हुँदै आएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन र बजारीकरणमा सक्रिय पाटाले गत जुनमा हिमालयन ट्राभल मार्टको चौथो संस्करण सम्पन्न गरेको थियो। विगत वर्षमा नेपाल पर्यटन बोर्डले आइटिबीलगायत अन्तर्राष्ट्रिय मेलामा सहभागिता जनाउँदै आएको थियो ।

पाटा नेपाल च्याप्टरको स्थापनाकालदेखिनैआइटिबी,विश्व पर्यटन मेला 'डब्लुटिएम'लगायत अन्तर्राष्ट्रिय पर्यटन व्यापार मेलामा सरकारकोतर्फबाट र निजी क्षेत्रका पर्यटन व्यवसायीसँगको समन्वयमा आयोजना गर्नेगर्दथ्यो। नेपाल पर्यटन बोर्डको स्थापना भएपछि बोर्डले सार्वजनिक निजी साझेदारी संस्थाको रुपमा अन्तर र्ष्ट्रिय पर्यटन मेलामा हरेक वर्ष सहभागिता जनाउने गरेको थियो।

चालु आर्थिक वर्षमा बोर्डले कुनैपनि अन्तर्राष्ट्रिय मेलामा सहभागिता जनाएको छैन। नेपाल पर्यटन बोर्ड, विदेशमा कार्यक्रम सञ्चालन तथा खरिदसम्बन्धी कार्यविधि, २०७८ पारित नहुँदा अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता जनाउन नसकिएको बोर्डले जनाएको छ ।

गत असोज ६ गते बोर्डको कार्यकारी समितिबाट पारित बोर्डको आव २०८०/८१ को बजेट तथा कार्यक्रमको निर्देशनमा सार्वजनिक खरिद कार्यालयबाट सहमति प्राप्त गरि मात्र अन्तर्राष्ट्रिय कार्यक्रम कार्यान्वयन गर्ने/गराउने निर्देशन भएको बोर्डले उल्लेख गरेको छ । बोर्डका पदाधिकारी र सार्वजनिक खरिद अनुगमन कार्यालयबीच पटक-पटक छलफल भए पनि अझै टुङ्गो लाग्न सकेको छैन ।

# राष्ट्रियसभा सदस्य निर्वाचनमा ५२ जना उम्मेदवार

**टुडे समाचारदाता**

काठमाण्डु । आगामी माघ ११ गते हुन लागेको राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि सोमबार सातै प्रदेशका सम्बन्धित निर्वाचन कार्यालयमा विभिन्न समूहका लागि ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

कूल १९ सिटका लागि हुने निर्वाचनमा सातै प्रदेशमा महिला समूहतर्फ १७, दलित समूहतर्फ छ, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायतर्फ आठ, र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगले जनाएको छ । सोमबार बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा शान्ति पूर्णरूपमा उम्मेदवारको मनोनयनपत्र दर्ता भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिनुभयो ।

आयोगका अनुसार कोशी प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट जम्मा पाँच, मधेस प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट पाँच उम्मेदवारको मनोनयन पत्र दर्ता भएको छ ।


बागमती प्रदेशमा महिला समूहका लागि चार राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायका लागि चार राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट जम्मा १५ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

गण्डकी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पस‌ख्यक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट आठ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

लुम्बिनी प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि चार राजनीतिक दलका तर्फबाट सात उम्मेदवारको मनोनयनपत्रदर्ताभएकोछ। कर्णाली प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट, दलित समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

सुदूरपश्चिम प्रदेशमा महिला समूहका लागि तीन राजनीतिक दलका तर्फबाट, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि दुई राजनीतिक दलका तर्फबाट छ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही पुस २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २५ र २६ गते मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशित गर्ने, पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने र पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण हुने कार्यसूची छ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# साहुको धन डुबाउनु भएन

तराई/मधेशमा कपाली तमसुक गरी ऋण प्रवाह भएको लाखौंको सूची छ । सरकारले कपाली तमसुकमार्फत भएको लेनदेनलाई अनुचित (मिटरब्याज) भनेर बदर गर्दा अबौं रुपैयाँ साहुको डुबेको थियो । ऋणीले साहुको रुपैयाँ तिर्ने नियत देखिएन् । सरकारले मिटर ब्याज सम्बन्धी कानुन बनाउँदा कपाली तमसुकलाई मान्य गर्नुपर्ने थियो । सरकारले एउटा निश्चित अवधि तोकेर तमसुकबाट कारोबार बन्द गराउनु पर्ने थियो । तर अचानक तमसुक बन्द गराइदिएपछि धेरै मानिस मर्कामा परे । कतिपय ऋणीहरुले पनि ऋण प्रवाह गरेका थिए । विभिन्न निकायहरुबाट केही सस्तो ब्याजमा ऋण लिएर ऋण प्रवाह गर्ने मध्यम र निम्न वर्गका महाजनहरु पनि डुब्न लागेका थिए । लिएको ऋण सम्बन्धमा उजुरी गर्न सरकारले अनुचित लेनदेन छानबिन उच्चस्तरीय समिति गठन गरेको थियो । त्यो समितिले उजुरी परेका मध्ये धेरै लेनदेनको विषय पनि मिलायो । साहुले ऋणमा जफ्त गरेको जग्गा फिर्ता भयो । ऋणी र साहुबीच सहमति बनाएर लेनदेन भएको रकम यकिन गरी बैंक दर ब्याजमा तमसुक च्यात्ने काम पनि भयो । सरकारले ऋणी र साहुबीच सहमतिमा लेनदेनको विषय टुंग्याउन निर्धारण गरेको समय सीमा भित्र परेका उजुरीहरुलाई जिल्ला प्रशासन कार्यालय मार्फत टुंग्याउने प्रकृया अझै जारी छ । साहुमाथि ऋणीले दिएको उजुरीको आधारमा दुबै पक्षलाई राखेर सहमति गराउने प्रयास अझै भइरहेको छ । त्यसमा केही सफलता पनि मिलिरहेको छ । तर समग्रमा सरकारले गरेको निर्णयबाट तराई/मधेशको आर्थिक सन्तुलनलाई बिगार्ने काम भएको छ । सामाजिक रुपमा कपाली तमसुकको आधारमा हुने लेनदेन बन्द भएपछि आर्थिक कारोबार नराम्ररी प्रभावित भएकाले हरेक क्षेत्रमा त्यसको नकारात्मक असर परेको छ । अनुचित लेनदेन सम्बन्धी कानुनमा सरकारले केही संशोधन गरी ऋणी र साहुबीचको सहमतिमा तमसुक प्रमाणित गर्ने समय सीमा माघ ११ गते सम्म निर्धारण गरेको छ । अधिकांश ऋणी र धनीबीच तमसुक प्रमाणित गराउन सहमति भएको देखिन्छ । सहमति गर्न नचाहने ऋणीलाई पटक-पटक पत्राचार गरी जनाउ दिने प्रावधान कानुनमा राखिएको छ । तैपनि ऋणी उपस्थित नहुँदा साक्षी, लेखनदास समेतको उपस्थितिमा वडा अध्यक्ष अथवा पालिकाका प्रमुख/अध्यक्षले सत्यतथ्य बुझेर प्रमाणित गर्ने प्रावधान राखिएको छ । त्यसको फाइदा पनि केही धनीलाई भएको छ । सबैको नभए पनि अधिकांशको तमसुक प्रमाणित भएकाले ढिलो चाँडो ऋण असुली हुने संभावना बढेको देखिन्छ ।

# किनबेच हुन्छ प्लस टु र राहत शिक्षकको दरबन्दी



कल्पना पनेरू

विद्यालयमा पढाउन सुरु गरेको ३२ वर्ष भयो । निजी विद्यालयमा प्राथमिक र निम्नमाध्यमिक हुँदै सरकारीमा पढाउन सुरु गरें । अहिले पनि उच्चमाध्यमिक तहमा पढाइरहेकी छु । साविक उमावि तहलाई राज्यले न आफ्नो दायित्व अन्तर्गत ल्याउन सक्यो, न स्वामित्व ग्रहण नै गर्न सक्यो । यसबाट स्कुलमा सिर्जना भएका विकृतिहरूको सम्बन्धमा अनुभव सुनाउन चाहन्छु ।

शिक्षक व्यवस्थापन निर्देशिका २०७१ जारी भएको थियो । शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार राख्नुपर्छ भन्ने यहाँ (विधायक) हरू, सरकार र राज्यको ठम्याइ ठिकै होला । नेपालमा प्रवीणता प्रमाणपत्र तह फेजआउट पनि भयो ।

म सेकेण्ड क्लासका शिक्षकहरूमा मास्टर्स डिग्री गरेको एक महिला । आफ्नै कारणले शिक्षामा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको १० वर्षपछि स्नातक तहको पनि अध्ययन गरें ।

केही समय बच्चा हुर्काउनतिर लागेपछि मैले स्नातकोत्तर तह पनि उत्तीर्ण गरें । म अलिकति लोभिएँ र प्लस टुमा पढाउन जाने निधो गरें । यसक्रममा भोगेका धेरै पीडा छन् । किनभने, यहाँ सबै प्सल टुका, राहतका दरबन्दीहरू बाँडफाँट हुन्छन्, किनबेच हुन्छन् । यो कुरा मैले भन्ने ठाउँ पाएको थिइनँ, आज (नीति निर्माण गर्ने थलो) मै भन्ने मौका पाएँ ।

यहाँ हामी एउटा कुरा गर्दा रहेछौं र हुँदोरहेछ अर्कै । सिधा महिला भएकोले होला, मैले सुरुमा बुझिनँ कि यहाँ सेटिङ हुन्छ, लेनादेना हुन्छ, हिसाबकिताब हुन्छ । तिम्रा यति, मेरा यति हुँदोरहेछ ।


त्यो नबुझेरै म लोभिएर उच्च माविमा गएँ । शिक्षक व्यवस्थापन निर्देशिका-२०७१ जारी हुँदा मन्त्री डीआर पौडेल हुनुहुन्थ्यो जस्तो लाग्छ ।

आज देशको शिक्षा कहाँ छ ? हामी कहाँ छौं ? हाम्रो नैतिकता कहाँ छ ? यस्तो राजनीति गरेर के गर्ने ? पढाएर के गर्ने ?

म देशलाई, स्कुललाई संस्थागत भएको हेर्न चाहने मान्छे, त्यो पाइनँ । यसमा म साह्रै धेरै विक्षिप्त छु । मैले कसैलाई भनेर जागिर हुन्छ अथवा कसैलाई भनिनँ भने निकालिन्छु । यो अवस्थाले शिक्षा क्षेत्र तहसनहस भएको अनुभूति गरिराखेकी छु । अहिले म जुन तहमा अध्यापन गरिरहेकी छु, १० वर्ष भयो । म अनिवार्य अंग्रेजीको शिक्षक हो ।

नगरपालिका महासंघका साथीहरू, सम्मानजनक रूपमा मेरो अनुरोध, यहाँहरूले नजिकबाट, स्थानीय सरकारले स्थानीय तहमा भएका सामुदायिक स्कुललाई हेरिदिनुस् । यही संविधानको मर्म हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारमा स्थानीय सरकारले शिक्षालाई हेर्ने २३ वटा अधिकारहरू पाएको छ ।

मैले सुनेकी छु, कता-कता शिक्षकलाई भ्रमण पठाइन्छ, कताकता टावर बन्छ, पैसाहरू जान्छ रे !



तथापि, सामुदायिक स्कुलमा सरकारको नजर पुगेको अनुभूति मलाई छैन । प्राथमिकबाट माध्यमिक तहमा जानको लागि ४० वर्ष मात्र हुनुपर्नेमा मेरो उमेर २ महिना २९ दिन बढी भयो । जबकि म सोही स्कुलमा प्राथमिक र माध्यमिक तहमै पढाइरहेकी थिएँ ।

प्लस टु तहमा जम्मा दुइटा शिक्षक पाएको छ । देशभर ६ हजार शिक्षकले स्कुल चल्दैन । र, यहींनेर सुरु भयो मनोमानी । सामुदायिक विद्यालयमा आज पनि हेर्न गए हुन्छ, निजीको जस्तै आफूखुसी शुल्क तोकेर, आफूखुसी पदहरू बनाएर पठनपाठन भइराखेको छ ।

यहाँ मैले भन्नैपर्छ, यतापट्टि फलानो पार्टीकोले गर्यो, उतापट्टि फलानो पार्टीले गर्यो । अर्को ठाउँमा फलानो पार्टीले गर्यो रे ! यो सब मिलीभगतमा भइराखेको छ । यसले मलाई आज साह्रै विक्षिप्त बनाइरहेको छ ।

आज देशको शिक्षा कहाँ छ ? हामी कहाँ छौं ? हाम्रो नैतिकता कहाँ छ ? यस्तो राजनीति गरेर के गर्ने ? पढाएर के गर्ने ?

रुन मन लाग्छ, ३२ वर्ष भयो मैले पढाउन थालेको । विदेश जाँदा मैले मेरा धेरै विद्यार्थी उतै भेट्टाएँ । तिनीहरू व्यवस्थित जीवन खोज्नका लागि विदेश पुगेका रहेछन् । त्यहाँको सरकारले उनीहरूलाई व्यवस्थित गराएर राखेको रहेछ ।

म माध्यमिक विद्यालय शिक्षक युनियन सहअध्यक्ष भइरहँदा अबदेखि मलाई धेरै खान, धेरै सम्पत्ति जम्मा गर्न, धेरै सेटिङ मिलाउने लोभहरू छैनन् । माध्यमिक विद्यालयलाई व्यवस्थित गरिदिनुस् ।

माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका-२०७१ अनुसार विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेका शिक्षकहरू आज नगरपालिकको अकर्मण्यतामा परेका छन् । उहाँहरूले लाइसेन्स मागिदिनुभएको छ, नियुक्ति अपरिपक्व भएको भनिदिनुभएको छ ।

जस्तै, उमेर कटेको भनिदिनुभएको छ । मेरै सवालमा दुई महिना उमेर कटेको थियो, तर म तल्लो तहमा त्यही स्कुलमा थिएँ । त्यही स्कुलमा दुइटा रजिस्टर भएको छ । बिहान एउटा दिउँसो अर्को स्कुल भएको छ ।

मनपरी गरेर निजीको जत्तिकै शुल्क उठाइएको छ । मनोमानी पदहरू सिर्जना गरिएको छ । यस्तो मनोमानीको अनुगमन कसले गर्ने ? मैले पढाउने स्कुलमा एक हजार जना विद्यार्थी पढ्छन् । त्यो एक हजार जनाको वर्ग धरातल के ? त्यो वर्गले जति भन्यो उति पैसा तिरिरहनुपर्ने ? अनि मै ती विद्यार्थीलाई संविधानको धारा ३१ मा लेखेको एक कक्षादेखि आठ कक्षासम्म आधारभूत र कक्षा ९ देखि १२ कक्षासम्म माध्यमिक तह निःशुल्क हुन्छ भनेर पढाइरहनुपर्ने ? लागू हुँदैन भने संविधानबाट हटाउन किन सक्दैनौं ? निःशुल्क गर्न सक्दैनौं भने हटाइदिऊँ र लेखौं- शुल्कहरू मनोमानी लिन पाइन्छ ।

होइन भने, निःशुल्क शिक्षाका लागि के गर्नुपर्छ ? यो बहसमा हामी किन जाँदैनौं ? यस्तो छलफल किन गर्दैनौं ? यसकारण दुःख लागेको छ । पेशागत रूपमा मेरो जागिर सुरक्षित हुनुपर्छ, पेशा सुरक्षित हुनुपर्छ, जीवन सुरक्षित हुनुपर्छ । सबैभन्दा पहिला यो देशको शिक्षा सुरक्षित हुनुपर्छ । यो मभित्रको पीडा हो । साविक उच्च मावि भन्न पनि मन लाग्दैन । किनभने संविधानमा लेखिएकै छ, कार्यान्वयनमा हामी किन जान सक्दैनौं ?

यो कार्यान्वयन पक्ष फितलो नहोस्, त्यो (निःशुल्क शिक्षा)को व्यवस्था व्यवस्थापन हुँदा म जागिरबाट हात धुनु परे पनि व्यक्तिगत रूपमा तयार छु । तर सँगसँगै तत्कालीन अवस्थामा अब्बल भनेर छानिएर राखिएका शिक्षकहरूको अपमान नहोस्, सम्मानजनक व्यवस्थापन होस् । विद्यालयहरू निश्चित मापदण्डमा चलेका छन् या छैनन् हेरियोस् ।

कृपया स्थानीय तहका सरकारहरूले सामुदायिक विद्यालयको सम्पूर्ण अवस्थाको स्वामित्व लिनुहोस् । जो-जोले नेतृत्व गरेर, हेडमास्टर भएर, आफू अनुकूल चाहिएका दुई चार वटा पदहरू बनाएर, उस्तै परे फ्रेम किनेर एक/दुई लाख स्कुलका नाममा चन्दा दिएर स्कुलमा जुन किसिमको प्रभुत्व जमाएर बस्नुभएको छ, उहाँहरूको पक्षमा सरकार हुनुहुँदैन ।

यो गणतान्त्रिक सरकार हो । धेरै मानिसको त्याग र बलिदानबाट यो व्यवस्था आएको छ । त्यसकारण मैले पेशागत अधिकारको कुरा गरिरहँदा पनि मेरा मनभित्र शिक्षाकै अवस्थाबारे पीडाहरू छन् ।

एउटा शिक्षकले ३२ वर्ष पढाएर पनि कसरी असफल भएर बिदा हुँदैछ भन्ने हो । एउटा इमानदार शिक्षक असफल हुने अवस्थामा पुगेको छ । यो मुलुक असफल नहोस्, शिक्षा असफल नहोस् । सम्पूर्ण सरकार र सरोकारवालाहरूले शिक्षामा स्वामित्व लिइदिनुस् । कृपया, स्कुलमा पार्टी नहोस्, स्कुलमा विषयगत शिक्षक र विद्यार्थीहरू मात्र रहने वातावरण सिर्जना गरिदिनुस्, सिन्डिकेडबाट मुक्त गरिदिनुस् ।

(बिहीबार प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको बैठकमा 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'का सम्बन्धमा भएको छलफलमा माध्यमिक विद्यालय शिक्षक युनियनकी सहअध्यक्ष कल्पना पनेरुले व्यक्त गरेको विचार ।)

# समानुपातिक निर्वाचन प्रणालीमा महिला र पुरुष सांसदबिच विभेद

शुष्पा भुजेल

नेपालको संवैधानिक विकासक्रम अध्ययन गर्दा हालसम्म छवटा संविधान निर्माण गरी अभ्यास गरिसकेका छौं । अहिलेको संविधान सातौं संविधानको रूपमा रहेको छ । फरक फरक समयमा बनेका संविधानको निर्माण प्रक्रिया, सरकारको संरचनागात स्वरूप, संसदीय ढाँचा, निर्वाचन प्रणाली र विशेषता पनि फरक छन् । विसं २००४ को नेपाल सरकार वैधानिक कानुनदेखि हालसम्म नेपालमा सातवटा संविधान जारी भएका छन् । सबै संविधनका आआफ्नै महत्त्व र विशेषता छन् ।

संविधानले अधिकारको ग्यारेन्टी गर्ने हो । संविधानवादका लागि मार्गप्रशस्त गर्ने हो । समानता र सार्वभौमिकतालाई मलजल गरेर मनपरीतन्त्रलाई परास्त गर्दै लोकतान्त्रिक मूल्यमान्यतालाई स्थापित गर्ने हो । विधिको शासनका लागि मार्गनिर्देश गर्ने हो । यसको पालनाको ग्यारेन्टी संविधान आफैँले कसरी गर्न सक्छ ? त्यो त सरकारले गर्ने हो ।

शासकीय व्यवस्थालाई नयाँ संविधानले प्रतिस्थापन गर्दछ । विसं २०४७ सालसम्मका संविधानले राजसंस्था स्वीकार गरेकोमा नेपालको अन्तरिम संविधान २०६३ लोकतान्त्रिक शासकीय व्यवस्था स्वीकार गर्‍यो । गणतन्त्रका लागि विजारोपण गर्‍यो । यो नेपाली नागरिकको कार्यादेश थियो । संविधान सभाको गठन र यसको कार्यविधिगत मार्ग प्रशस्त गर्नु समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नु २३८ वर्ष पुरानो राजतन्त्रको विधिवत् अन्त्यको घोषणा गरी जनताद्वारा निर्मित गणतन्त्रको स्थापना गर्नु, धर्म निरपेक्षतालाई अवलम्बन गर्नु, सङ्घीय प्रणलीको अवलम्बन गर्नु, समानुपातिक प्रणालीको अवलम्बन गरी पहिलो पटक इतिहासमा समावेशीकरणको व्यापक व्यवस्था गर्नु नेपालमा भएको १० वर्षे सशस्त्रको द्वन्द्वको विधिवत समापन गर्नु मौलिक हक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा व्यापक विस्तार गर्नु र राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्रदान गर्ने जस्ता शासकीय व्यवस्थाको नयाँ रूप प्रादन गर्न सफल संविधान २०६३ को नेपालको अन्तरिम संविधान २०६३ हो ।

संविधान सभाको पहिलो बैठले राजतन्त्रको निलम्बन गरियो र त्यसपश्चात नेपालमा गणतन्त्रको घोषणा भयो । २०७४ पुस १३ गते गरिएको अन्तरिम संविधानको तेस्रो संशोधनबाट नेपालमा गणतन्त्रात्मक भएको घोषण गर्दै अगाडि बढ्यो भने चौथो संशोधनले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र भएको घोषणा गरी राष्ट्रपति र उपराष्ट्रपतिको पद सिर्जना गरियो । नेपालको संविधानले नेपालको इतिहासमा पहिलो पटक सङ्घीय राज्य संरचनाको खाका कोरेको छ । सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको मूल संरचनाको व्यवस्था गरी हरेक तहलाई शासकीय अधिकार प्रदान गरको छ । सङ्घ, प्रदेश र स्थानीय तहलाई स्वशासनका लागि एकलौटी अधिकारको सूची दिनुको साथै सहशासनको लागि साझा सूचीको व्यवस्थासमेत गरेको छ ।

संविधानको विरोध गर्नेहरू यसका प्रगतिशील व्यवस्थाबारे चर्चा परिचर्चा रुचाउँदैनन् । संविधानमा जसरी सङ्घीयताले परिकल्पना गरिएको थियो सोही अनुसार यसको बुझाइको समस्या छ । सफल कार्यान्वयमा समस्या छ ।

सङ्घीय लोकतन्त्रको सुन्दर पक्ष भने जनतालाई अधिकार सम्पन्न बनाउनु हो । देशलाई समृद्धि बनाउनु हो । सुशासनमैत्री र भ्रष्टचारमुक्त देश बनाउनु हो । सबै मान्छे समाजमा सम्मानजनक बसोबासको र रोजगारको ग्यारेन्टी गर्नु हो । शिक्षा, स्वास्थ्य, रोजगार वा विकासका पाँच पूर्वधारको विकास गर्नु र सम्मान अधिकार प्रदान गर्नु हो । तर यति बेला नेपालको राजनीतिमा यसको गलत व्याख्या र दलगत स्वार्थको आधारमा व्याख्या भएको छ ।

लोकतन्त्रको अर्को सुन्दर पक्ष भनेको शक्ति विकेन्द्रीकरण हो । सबै अधिकार जनतामा सुम्पनु हो । तर केही दल र त्यसमा रहेका बिचौलिया नेता जो सङ्घीय लोकतान्त्रिक गणतन्त्र उपभोगी मात्र छन् । न जनाता चिन्छन् न आफ्नो अधिकार चिन्छन् । अधिकार नचिन्नेले कर्तव्यको त कुरा नै नगरौँ । न व्यावस्थामा आएको परिवर्तन नै चिन्छन् । आफ्नो स्वार्थ मिल्ने सेवा र टेवामा घाँटी जोड्न पुग्छन् । संविधानको मर्मअनुसार समानुपातिक प्रणालीलाई व्यवहारमा ल्याइयो । त्यो अनुसार कार्यान्वयन र सरोकारवालाहरूको बुझाइमा पनि त्यतिकै खिया लागेको देखिन्छ ।

माफियाहरूले सङ्घीयताको अपव्याख्या गर्दै नागरिकमा भ्रम छर्न सङ्घीयता खर्चिलो जस्ता आधारहीन कुरा गर्छन् । सङ्घीयता उपभोगवादी विचौलियालाई हजार प्रश्न गर्न सकिन्छ । त्यसको जवाफ दिन तयार छन् ? यो अहिलेको साझा बहस हो । सङ्घीयताले सिर्जना गरेको संविधान हो । यसका केही सीमा र कमजोरीहरू भने होलान् ।

संविधान देशको मूल कानुन हो । यसले प्रदत्त गरको अधिकारहरू कार्यान्वयमा केही समस्या भएको होला । तर संविधान र सङ्घीयताको परिभाषा गलत परिभाषा गर्ने अधिकार कसैलाई पनि छैन । किनभने यो सङ्घीयता नागरिकको हितमा छ । यसभित्र पनि भएका बुझाइमा अस्पष्टता, गलत व्याख्या, मोटो र कागजीभन्दा पनि परिमार्जन गरी, प्रणालीप्रतिको अपभाष्य जस्ता कुरा आजको पैरवीको सवाल बनेको छ । सरकारमा प्रतिनिधित्व गर्ने जति पनि सङ्घीयता पक्षधरहरूले सहीलाई सही र गल्तीलाई गलत भन्न सकिएन भने बल्छीमा पर्न सकिँदैन भन्न सकिँदै । यो पुस्ताले मूलतः विषय वस्तुप्रतिको अध्ययनमा जान जरुरी छ । सत्यताको आधारमा रचनात्मक आलोचना गर्नु पर्ने छ । सरकारमा भएकाहरूलाई खबरदारीसहित नीति निर्माणको तहमा सहयोगमा गर्न ध्यान दिनु पर्ने छ ।

**संसद र संसदीय भूमिका**:

संसद् भनेको सार्वभौम अधिकार सम्मपन्न मुलुकको शासकीय विधि निर्धारण गर्ने जनताका प्रतिनिधिहरूको मञ्च हो । यसले मुलुकको शासकीय पद्धतिलाई नियमित गर्दछ । संसद् सरकारको तीन अङ्गमध्ये एक अङ्ग हो । संसद्ले संविधान परिवर्तन गर्न सक्छ, संशोधन गर्न सक्छ । तर सबै पक्ष संविधानप्रति जवाफदेही हुन्छन् । नेपालको संविधानले स्पष्ट रूपमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तिनै तहको सरकारको भूमिका उल्लेख गरको छ । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार शासन व्यवस्थमले सरकारका तीन अङ्गहरूले के गर्ने भन्ने कुरा कानुन तथा नीति निर्माणका माध्यमबाट निर्धारण गरिएको हुन्छ । व्यवस्थापिका राज्यको पथप्रदर्शक निकाय हो । व्यवस्थापिका आफूले बनाएको कानुनको सुनिश्चिता, दूरदर्शिता प्रयोगशीलता, सुस्पष्टता र आफूले बनाएको कानुनको स्वामित्व लिने र नागरिकमा तथ्यका आधारमा सेवामा लाग्न नसकेमा व्यवस्थापकीय अङ्गको अस्तित्व रहन सक्दैन ।

हामी र हाम्रो राजनीतिक परिपाटी कस्तो विकास भएर आएको छ भने आफूलाई केन्द्रमा राखेर नागरिकको आधार भूत आवश्यकता र मौलिक हकलाई समेत निजत्व गर्ने अवस्थामा समाजलाई धकेल्दै छौं । विधायिकाको जिम्मेवारी र क्षेत्राधिकार भनेको पहिलो नीति निर्माण गर्नु वा बनिसकेका कानुनको भूगोल, नागरिकको आवश्यकताबमोजिम संशोधन गर्नु र विधि निर्माणका लागि छलफल तथा बहसमा भाग लिने र निर्णय गर्ने हो । आजको अभ्यासलाई हेर्‍यौं भने पदले हामीलाई बुझेन वा हामीले पद बुझेनौं भन्ने अन्योल छ । हामी नै आफ्नो जिम्मेवारीप्रति अलमलिएपछि नागरिकको माग र संसद्प्रतिको आशा झन फरक तरिकाबाट बढ्ने नै भयो ।

तीन तहको सरकार र तीन तहको जनप्रतिधिहरूको काम, कर्तव्य र अधिकारप्रति अहिले पनि स्पष्ट रूपमा काम गरको देखिँदैन । संसद्को प्राथमिक कार्य कानुन निर्माण गर्नु हो । त्यति मात्र होइन त्यो भन्दा अझ व्यापक र बृहत् हुन्छ जसले सरकारलाई नियन्त्रण गर्दछ । राज्यको बजेट पारित गर्दछ । राष्ट्र र राष्ट्रियताको आवश्यक बहस गर्न स्थान उपलब्ध गराउँछ । सरकारले गरेका काम कारवाहीको अनुगमन तथा सुझाव पेस गर्ने र खबरदारी गर्ने जस्तो कार्य पनि महत्त्वपूर्ण मानिन्छ राज्य आइपर्ने जस्तोसुकै अवस्थाको पनि साझा कार्यका लागि संसदले निर्णय गरेर सरकारलाई सुझावसहित सहयोग गर्न सक्छ ।

तर संविधनले यति धेरै अधिकार प्रदान गरको छ कि त्यो एउटा देखाउने दाँत भएको छ । यति ठुलो जिम्मेवारी पाएको संसद सामान्य पाँच लाखको दुले बाटो, बिजुलीको पोल, दसथान तार जाली, सय मिटर पोलिथिन पाइप, पाँच लाख दस लाखका मन्दिर, गुम्बा, विभिन्न विद्यालयको वार्षिक उद्घाटन कार्यक्रम, सहकारीको सङ्घ संस्थाको कार्यक्रमको प्रमुख अतितिथि जस्ता कार्यक्रममा नै सीमित भएका छौं । आफ्नो पदीय जिम्मेवारीमा सरकारले लगाम लगाउन सकेन । दल र दलको प्रतिनिधि गर्ने जनप्रतिधिले सङ्घीयताको बन्दाम र चुनावदेखि चुनाव वर्षहरू बित्लान् । तर सीमित व्यक्तिको जीवन फेरियला तर नागरिकको अवस्था भने उस्तै रहने खतरा व्यापक बन्दै गएको छ ।

**महिला र पुरुष सांसदलाई हेर्ने विभेदकारी दृष्टिकोण**:

देशको कुल जनसङ्ख्याको ५१ प्रतिशतभन्दा बढी महिला रहेको तथ्य रटान लगाउँदै आएका छौं । २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा ८८ लाख महिला मतदाता थिए । यो कुल जनसङ्ख्याको ४९ प्रतिशत हिस्सा हो । हास्यासपद कुरा २ हजार ४१२ पुरुष उम्मेदवार हुँदा महिला उम्मेदवारको सङ्ख्या मात्रै २२५ थियो । कुल हिस्साको जम्मा ९ प्रतिशत मात्र उम्मेदवार बनेका थिए ।

५१ प्रतिशत हिस्सा ओगटेका महिलाका दैनिक आवश्यकता पूरा गर्नका लागि विधि कानुन चाहिन्छ । त्यो कानुन बन्न संसद्मा महिला मुद्दामा प्रशस्त सवाल उठ्नु पर्छ । जनसङ्ख्या र उम्देवारको सङ्ख्यामा विभेद भयो । यो बहुदलीय व्यवस्थामा पनि महिला सशक्तीकरण तथा शिक्षाका कारणले वा राजनीतिक दलको इच्छा शक्तिको कारणले गर्दा हो ? महिला प्रतिनिधि सघन रूपमा देख्न पाइएको छैन । निर्वाचनमा महिला सहभागी नहुनुको मुख्य कारण हामीले कानुन बनाउने थलोमै लैङ्गिक समानताको आवश्यकता राम्ररी बुझाउन सकिएको रहेनछ ।

महिला र पुरुषको दृष्टिकोण उनीहरूको कार्यदक्षता, उनीहरूले पार्ने प्रभाव आदि कोणबाट फरक हुन्छन् । त्यस कारण महिला र पुरुष बराबर हैसियतमा उभिएर बनाइएका कानुनहरू सान्दर्भिक र सापेक्ष हुन्छन् भन्ने प्रतिनिधित्वको सद्धान्तको सुन्दर पक्ष हो । संसद्मा महिलाको उत्तिकै उपस्थिति हुनु भनेको दल र सिङ्गो मुलुकका लागि फाइदाको कुरा हो ।

सबै दलको उद्देश्य देश समृद्धि पार्नु हो । यही विषयलाई हामीले बुझ्न र बुझाउन सकेनौं । जसकारण जसले सक्छ, उसैले टिकट पाउने अवस्था बन्न गयो । संविधानमा ३३ प्रतिशत महिला सहभागिता चाहिन्छ भनेर प्रस्ट लेखिएको छ । यो किन आवश्यक छ भनेर दलहरूले मनन गर्नुपर्छ । तर दलहरू आफैं टिकट कार्टेलिङमा लिप्त छन् । प्रत्यक्षतर्फ कम महिला उम्मेदवार हुनेबित्तिकै यसको प्रत्यक्ष असर समानुपातिकमा पर्छ । समानुपातिक प्रणालीको भाष्य नै नकारात्मक हुनु खेदजनक छ ।

निर्वाचन ऐनमा स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक पदमा महिला हुनुपर्ने व्यवस्था छ । तर गठबन्धनका नाममा अधिकांश स्थानीय तहको अध्यक्ष र उपाध्यक्ष दुवै उम्मेदवार पुरुष नै भए । तर कतिपय ठाउँमा गठबन्धन बाहिर महिला छन् भने ती महिलालाई मत दिएको पनि देखियो । यसले मतदाताले महिला उम्मेदवारप्रति सदाशयता देखाएको बुझ्न सकिन्छ । महिला आन्दोलनले दलभित्र प्रभाव पार्न सकेको छैन । यही कारण दलमा महिलाको योगदान कम हुनु होइन । पुरुषको हालिमुहाली हुनु चाहिँ हो । तथापि अहिले जागरुकता आउन थालेको छ । पार्टीको केन्द्रीय कमिटी, स्थायी कमिटीमा महिला खै भनेर प्रश्न गर्ने बढेका छन् ।

हाम्रो निर्वाचन अत्यन्त महँगो बनेको छ । प्रत्यक्ष चुनाव जित्न बलसँगै पैसा चाहिने अवस्था सिर्जना भएको छ । चुनावमा उम्मेदवार बनेपछि समय पनि खर्चिनु पर्छ । महिलाहरूले घरभित्रको सबै काम सकेर पुरुष उम्मेदवारसरह बाहिर खट्नुपर्ने हुन्छ । बाहिर हिँड्ने पुरूषलाई राजनीतिक संयन्त्र बनाउन जति सहज छ, घरभित्रै बस्ने महिलालाई सङ्गठन निर्माण गर्न त्यति नै कठिन छ । दलले महिला उम्मेदवार कम उठाएकाले संविधानले ग्यारेन्टी गरेको ३३ प्रतिशत प्रतिनिधित्व नपुग्ला कि । पुगेन भने समिक्षा गर्नुपर्ने छ ।

संसद्मा महिला प्रतिनिधि हुँदाका राम्रा उदाहरण थुप्रै छन् । लैङ्गिक हिसाबले समृद्ध कानुन बनाउनका लागि महिला सांसदको असाध्यै ठुलो भूमिका छ । जब हामीले शून्य समयमा संसद्मा बोल्छौं, त्यसको भिडियो टेप हेर्ने हो भने महिलाले र पुरुषले उठाएका विषय फरक छन् । क्षमता भनेको अवसर पाइसकेपछि अभिवृद्धि गर्ने कुरा हो । सांसदलाई नयाँ भूमिकाका लागि तयार गर्ने जिम्मेवारी दलको पनि हो ।

सुरु सुरुमा संसद् प्रवेश गर्दा आफ्नो नामसमेत भन्न हिच्किचाउने महिला सांसदहरू तीन चार वर्षको अवधिमा कानुन निर्माणमा राम्रो योगदान दिन सक्ने, जनजीविकाको सवाल उठाउन सक्ने र पछि प्रत्यक्ष निर्वाचनमा जान सक्छु भनी हिम्मत गर्ने क्षमताका भएका छन् । त्यस कारण संसदमा महिलाको सहभागिता नुहनुमा क्षमतालाई मात्रै कारण बनाइनु हुँदैन । अवसर पाएपछि क्षमता आफैँमा अभिवृद्धि हुँदै जान्छ । संसद्मा विभेदका स्वरूप किसिम किसिमका छन् । विभेद संसदभित्रै छन् । संसद्मा बोल्न दिने कुरामा पनि महिला र पुरुषबिच विभेद छ । फुर्सद भएका सांसदलाई बोल्ने समय निकै कम दिइन्छ । दलले सरकारमा नहुँदा के गर्छ, सरकारमा गएपछि के गर्छ र उसको व्यवहार कस्तो छ भन्ने विषयलाई आममतदाताले मिहीन ढङ्गमा हेर्नु पर्छ । उसले आफ्नो संरचनामा राम्रो काम गरेको छ कि छैन भनेर अब प्रश्न गर्नुपर्छ । तब मात्रै उसले देश बनाउन सक्छ ।

**संविधानमा समानुपातिक निर्वाचनसम्बन्धी व्यवस्था**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।०४।१९ को निर्णयानुसार प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन २०७९ मङ्सिर ४ गते एकै चरणमा हुने गरी निर्णय भएको हो । मिति २०७९।०४।३० गतेको नेपाल राजपत्रमा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम प्रकाशनसमेत भई सूचना सबैका लागि प्रकाशन भएको थियो ।

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको निर्वाचन प्रयोजनका लागि नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ वा दफा ४९ बमोजिम आयोगमा दल दर्ता भई समानुपातिक निर्वाचन प्रणालीतर्फ भाग लिन दलहरूले निर्वाचन प्रक्रियमा कानुनले दिएको समान अधिकार प्रयोग गरे । कानुनबमोजिम निर्वाचन सम्पन्नभयो । हाल मुलुकमा रहेको प्रतिनिधि सभा र सातवटा प्रदेश सभामा निर्वाचित सदस्यहरू रहेका छन् । सामन्ती, निर ङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने संविधानको उद्देश्य छ । त्यस्तै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने संविधानले व्यवस्था गरेको छ । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने उद्देश्य शासकीय व्यवस्थाको रहेको छ । बालिग मताधिकार र आवधिक निर्वाचन लोकतान्त्रिक मुल्य मान्यताको अङ्ग हो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न अङ्गीकार गरिएको नेपालको संविधानले नेपाली नागरिकमा सार्वभौम अधिकार सुरक्षित गरिदिएको छ ।

नेपालको संविधानको धारा ३८ को उपधारा ९४० मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी मौलिक हक सुनिश्चित गरिदिएको अवस्था छ । संविधानको ४० को उपधारा (१) मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी मौलिक सुनिश्चित गरिदिएको छ ।

# सहकारी पीडितका समस्या सम्बोधन गर्न प्रधानमन्त्रीको निर्देशन



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहकारी पीडितका समस्या सम्बोधन नहुँदा लाखौं निक्षेपकर्ता प्रताडित भएको उल्लेख गर्दै त्यसको व्यवस्थित समाधानको प्रस्ताव ल्याउन अर्थ मन्त्रालयलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार आयोजित छलफलमा प्रधानमन्त्रीले सहकारीको समस्या समाधानका लागि ठोस कदम चाल्ने गरी उपयुक्त प्रस्ताव ल्याउन निर्देशन दिएका हुन् ।

प्रधानमन्त्रीले भने, "सहकारीको समस्या छिटो समस्या नहुँदा लाखौं निक्षेपकर्ता प्रताडित भएका छन् । उनीहरू घर न घाट भएका छन् । उनीहरूको समस्या कसरी सम्बोधन गर्ने ? त्यसबारे ठोस प्रस्ताव बनाएर ल्याउनुस् ।"

त्यस अवसरमा अर्थमन्त्री डा प्रकाशशरण महतले सहकारीको निश्चित सिलिङभन्दा माथिको नियमन नेपाल राष्ट्र बैङ्कले गर्ने गरी निर्णय गरेर जानुपर्ने धारणा राखेका थिए ।

बैठकमा मुख्यसचिव डा वैकुण्ठ अर्यालले सहकारीको समस्या सम्बोधन गर्ने गरी नियमन प्रबन्ध गर्न र निक्षेप कोषको कानुनी प्रबन्धलाई व्यावहारिक रूप दिन आवश्यक रहेको बताए ।

त्यसअघि प्रधानमन्त्री प्रचण्डले सरकारको नीति, कार्यक्रम र बजेटको परम्परागत ढाँचामा व्यापक रूपान्तरणको प्रतिबद्धता व्यक्त गरेअनुसार नीति, कार्यक्रम र बजेटको ढाँचा र प्रक्रियामा व्यापक परिमार्जन गर्ने गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल गरेका थिए ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा व्यापक रूपान्तरण गर्न त्यसको नीति र कार्यतालिकामा परिमार्जन गर्नका लागि प्रधानमन्त्रीले सोमबारको बैठक बोलाउनुभएको उहाँको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री प्रचण्डले 'बजेटको मन्त्रालयगत सिलिङ तोक्दा मन्त्रालयहरूबीच व्यापक छलफल जरुरी भएको बताउँदै सिलिङ तोक्ने प्रक्रियाबारे नै छुट्टै छलफल आवश्यक भएको बताएका थिए ।

प्रधानमन्त्रीले भने, "बजेटको सिलिङ तोक्दा अनुमान र हचुवाका भरमा नतोकौं, मन्त्रालयहरूलाई पनि बोलाएर छलफल गरौं, उनीहरूको कुरा पनि सुनौं । यो लोकतान्त्रिक प्रक्रिया पनि हो । कुन स्तरका योजना केन्द्रमा राख्ने, कुन प्रदेश र स्थानीय तहमा पठाउने भन्नेबारे पनि प्रस्ट खाका चाहिन्छ । त्यसका लागि पनि आवश्यक तयारी गर्नुस् ।"

प्रधानमन्त्रीले अनावश्यक नयाँ योजना नथप्ने, अधुरा पुराना योजनालाई उच्च प्राथमिकता दिने र प्रत्येक आर्थिक वर्षमा खास कुनै रणनीतिक योजनामा केन्द्रित हुनेगरी नीति तथा कार्यक्रम र बजेटको तयारी गर्न अर्थ मन्त्रालय र योजना आयोगलाई निर्देशन दिए ।

त्यस्तै अर्थमन्त्री डा महतले नीति तथा कार्यक्रम र बजेटमा नयाँपन ल्याउने प्रधानमन्त्रीको सोच महत्वपूर्ण भएको बताउँदै प्रधानमन्त्रीको निर्देशन र सरकारको निर्णयबमोजिम मन्त्रालयले आवश्यक काम अगाडि बढाउने बताए ।

छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले फागुनमा बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने, वैशाखमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र जेठ १५ मा बजेट प्रस्तुत गर्नेगरी राष्ट्रिय योजना आयोगले नीति तथा कार्यक्रम र बजेटको प्रस्तावित कार्यतालिका निर्माण गरेको बताए ।

मुख्यसचिव डा अर्यालले प्रस्तावित कार्यतालिका वैज्ञानिक रहेको बताउँदै सोहीअनुरूप कानुनी प्रबन्ध र व्यावहारिक गृहकार्य आवश्यक रहेको बताए । राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयालले प्रस्तावित कार्ययोजना कार्यान्वयनका निम्ति प्रचलित कानुनहरूमा संशोधन आवश्यक भएको बताए ।

# प्रमुख शक्ति एकढिक्का हुनुपर्छः सांसद तिवारी



**टुडे समाचारदाता**

काठमाण्डु । जनप्रतिनिधिका हैसियतमा जनअपेक्षाअनुरुप कानुन तथा विकास निर्माणमा केही गर्छु भन्ने उत्साह र विश्वास लिएर आएको थिएँ, गत एक वर्षको संसदीय अभ्यासमा न त्यो उत्साह कायम रह्यो, न जनचाहना पूरा गर्न सकेँ । युवा विद्यार्थीको विदेश पलायनको संख्या बढेका कारण बरु त्यो अपेक्षा निराशातर्फ उन्मुख भएको अनुभूति गरेकी छु । यो अवधि हरेक हिसाबले फलदायी हुन सकेन ।

सङ्घीय संसद्को अधिवेशन अन्त्य हुने दिन सभामुखले प्रस्तुत गर्नुभएको तथ्याङ्कले कानुन निर्माणको प्रगति सबैले जानकारी पाइसकेका छन् । तथापी, सङ्घीयता कार्यान्वयनसँग जोडिएका थुप्रै कानुन तदारुकताका साथ निर्माण गर्नुपर्ने हाम्रो दायित्व छ । सरकारले समयमा 'बिजनेस' दिन नसकेका कारण सिङ्गो अधिवेशन एउटा मात्र ऐन निर्माणमा सीमित बन्न पुग्यो । यसबीचमा कानुन र मानवअधिकार समितिबाट सम्पत्ति शुद्धीकरण र सत्यनिरुपण तथा मेलमिलापसम्बन्धी विधेयक भने निष्कर्षमा पुऱ्याउने कोसिस भइरहेको छ । त्यसले पनि केही आशा र भरोसा दिलाएको छ । यद्यपी, अब आउने दिन उत्साह र आशापूर्ण हुनुपर्छ भन्ने मान्यता राख्छु ।

धनुषा निर्वाचन क्षेत्र नम्बर २ बाट नेकपा (एमाले) का तर्फबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रतिनिधित्व गर्ने भएकाले आफूसँगको भेटमा शिक्षित र बुद्धिजीवी समुदायले ऐन कानुनका कुरा गरे पनि अधिकांश मतदाताले भने आमरुपमा देखिएका विसङ्गति, बेथिति, भ्रष्टाचार, महङ्गी, कालोबजारीकै कुरा उठाउने गरेका छन् । अहिले जनतामा निराशा छ । सङ्घीय सांसद भए पनि कानुन निर्माणमा मात्र सीमित नभई समाजको बुझाइ र स्तरका कारण जनताका सबै समस्या जनप्रतिनिधिले नै सुन्नुपर्छ भन्ने मान्यता छ । मेरो निर्वाचन क्षेत्रको प्राथमिकता भनेको कृषि, खानेपानी, सिँचाई साथै शिक्षा, स्वास्थ्य र रोजगारी नै हुन् । जनताले कुन सत्तापक्ष वा विपक्ष भन्ने सरोकार राख्दैन । उसलाई पुल, नहर, विद्यालय, सडकलगायतका विकास तथा रोजगारी, खानेपानी, बिउबीजन र मलखाद सहज र सर्वसुलभ होस् भन्ने चाहना हुन्छ । त्यस्ता समस्या समाधान गर्न हामी अहोरात्र खटिँदै आएका छौँ । निर्वाचनका बेला प्रतिवद्धता जनाए गरेअनुरुप कसले के कति गरे भन्ने जनताले पनि हिसाबकिताब गरिरहेकै हुन्छन् ।

राज्यका प्राथमिकता र प्रदेशगत सन्तुलनका आधारमा बजेट विनियोजन हुनुपर्नेमा अझै पनि पहुँच र प्रभावका आधारमा रकम विनियोजन र आयोजना छनोट हुने गरेको छ । प्रतिपक्षका सांसदले अघि बढाएका योजना र विकास निर्माणमा सरकारले बजेट विनियोजनमा विभेद गर्दै आएको देखिन्छ । सरकार अभिभावक भएकाले अरुलाई विश्वासमा लिएर काम गर्नुपर्छ तर यहाँ त्यो देखिन्न । मुलुकमा परिवर्तनका संवाहक नेपाली कांग्रेस, एमाले र नेकपा (माओवादी केन्द्र) जस्ता राजनीतिक दलले सहकार्य गरी अघि बढ्दा मात्र देश र जनताको हित हुन्छ ।

गत एक वर्षे कार्यकालमा सदनमा देखिँदै आएको एकअर्कालाई औंला ठड्याउने प्रवृत्ति अन्त्य गर्न सरकारबाटै पहलकदमी हुनुपर्छ । देश विकास र जनताको जीवनस्तरमा सुधार ल्याउन परिवर्तनका संवाहक शक्तिबीच न्यूनतम साझा सहमति हुनुपर्छ । सङ्घीयता कार्यान्वयनसँग जोडिएका ऐन कानुन निर्माणलाई तीव्रता दिइनुपर्छ । सङ्क्रमणकालीन कानुनलाइ पूर्णता दिएर बिगतको सशस्त्र द्वन्द्वमा पीडामा परेका परिवारजनलाई न्याय दिलाउन सक्नुपर्छ । त्यसमा पनि प्रमुख शक्तिबीच एउटै धारणा बन्नुपर्छ । व्यवस्था परिवर्तन गर्न प्रमुख राजनीतिक शक्ति एक भएझैं जनताको अवस्थामा परिवर्तन ल्याउन त्यो पक्षबीच मतैक्यता हुनुपर्छ भन्ने मेरो मान्यता छ ।

सरकारलाई ठीक बाटोबाट अघि बढाउन प्रमुख प्रतिपक्ष दलको हैसियतले एमालेबाट भगिरथ प्रयास भइरहेको छ । प्रतिपक्षको स्थानमा रहेर निरन्तर खबरदारी गर्दै आवाज उठाइरहेको छ । देशमा भ्रष्टाचार न्यूनीकरण र सुशासन कायम हुन नसक्नुमा सरकार र प्रतिपक्षबीचको द्वन्द्वले पनि केही मलजल गरेको छ । सरकारबाट भए गरेका कमीकमजोरी औंल्याइरहँदा प्रतिपक्ष भनेको विरोध गरिरहने मात्र हो भन्ने ढङ्गले लिइनुहुन्न । यस्ता विषय ठीक समयमा सम्बोधन गर्न सकिएन भने सुशासन कायम गर्ने मामिलामा चुनौती हुन्न भन्ने पाटोलाई समयमै हेक्का राख्नुपर्छ । पुरानो शासनले भएन, नयाँ राजनीतिक व्यवस्था आएपछि विकास, समृद्धि, शान्ति सुव्यवस्था कायम गर्छौं भनी हामी आएका हौं ।

निर्वाचनका समयमा मतदाताले पनि सही नेतृत्व र देशमा केही गर्छु भन्ने भावना बोकेका व्यक्ति छनोट गर्न सक्नुपर्छ । राजनीति नेतृत्व र कर्मचारीतन्त्रको माथिल्लो तहका व्यक्तिमा आफूलाई सर्वेसर्वा सम्झने प्रवृत्तिले पनि भ्रष्टाचार मौलाउन मलजल गरेको छ । समाजमा अन्याय र अत्याचार बढ्दै गएपछि एक दिन विष्फोटको अवस्था आउन सक्छ । भ्रष्टाचार बढाउनमा कुनै प्रणाली वा व्यवस्थालाई दोष थोपरेर उम्कन मिल्दैन ।

हालको निर्वाचन प्रणालीमा केही कमीकमजोरी रहेकाले सुधारको भने खाँचो छ । निर्वाचन प्रणालीलाई देखाएर चुनावमा धेरै खर्च भइरहेको अस्वस्थ प्रतिस्पर्धाले पनि समाजमा विकृति जन्माएको छ । आममतदातामा सुशासनसम्बन्धी सचेतना कार्यक्रम पुऱ्याउनुपर्छ । निर्वाचनका बेला केही मतदाता अनेक किसिमका झुठा प्रलोभनमा पर्ने गरेको आरोपलाई असत्य सावित गर्नुपर्छ ।

स्वदेशमा रोजगारी नभएपछि रोजीरोटीको जोहो गर्न र घरपरिवार चलाउन विदेश पलायन हुन बाध्य युवासँग पनि अनेक बहानामा मोटो रकम असुल्ने कार्य भइरहेको छ । त्यसलाई रोक्न बनेका नीति नियम र कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक छ । 'मुटुमाथि ढुङ्गा राखी हाँस्नु पऱ्या छ' भन्ने अवस्थामा रहेका अप्ठेरोमा परेका व्यक्तिलाई झन दुःख दिने कार्य कदापी स्वीकार्य हुन सक्दैन । रोजगारीका लागि विदेश जाने युवालाई सरकारले फ्रि-भिसा, फ्रि टिकट भनेपनि व्यवहारमा त्यो लागू हुनै सकेन । सरकारले जे बोल्छ र जेजस्तो नियम कानुन बनाएको छ, त्यो लागू गर्नुपर्छ । सरकार जवाफदेही बन्नपर्छ ।

मुलुकमा देखिएका बेथिति र विसङ्गतिका विरुद्ध सशक्त आवाज मुखरित गर्दै देश र जनहितमा कार्य गर्न म कुनै कसर बाँकी राख्दिन । यो दृढता र कार्ययोजना बनाएर काम गर्ने हो भने जनताको जीवनस्तर उकास्न धेरै समय लाग्दैन । सरकारमा रहनेको दूरदृष्टि र इच्छाशक्ति भए देश बन्छ, बनाउन सकिन्छ ।

**सांसद तिवारीको परिचय**

एमाले धनुषा क्षेत्र नं ३ को इञ्चार्जको जिम्मेवारीमा रहेकी सांसद तिवारीले यसअघि विसं २०७० मा संविधानसभा सदस्यका रुपमा सक्रियपूर्वक जिम्मेवारी निर्वाह गरेकी थिईन् । उनी अखिल नेपाल महिला सङ्घको केन्द्रीय सचिवालय सदस्य तथा मधेस प्रदेश सहसंयोजक समेत छिन् । सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने मनोनीत हुने सदस्यका रुपमा उहाँसँग यसअघि धेरै पटक सदन सञ्चालन गरेको समेत अनुभव छ ।

# 'सरकारी सञ्चारमाध्यम जनता र राज्यबीचको पुल हुनुपर्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारी सञ्चारमाध्यमले राज्य र जनताका बीचमा पुलको काम गर्नुपर्ने बताएकी छन् । राष्ट्रिय समाचार समिति (रासस)ले आजदेखि प्रारम्भ गरेको अवधि भाषा समाचार सेवाको उद्घाटन गर्दै उनले सञ्चारमाध्यमले सरकारका काम जनतासमक्ष र जनताका समस्या सरकारसमक्ष पुऱ्याउनुपर्ने बताईन् ।



"सरकारी सञ्चारमाध्यम जनता र राज्यका पुल हुन्, जनताका गुनासा, आशा अपेक्षा सरकारसमक्ष पुऱ्याउन सक्नुपर्छ, सरकारले गरेका सकारात्मक कामलाई जनताका बीचमा पुऱ्याउनुपर्छ", उनले भनीन् । सरकारी सञ्चारमाध्यमको परिभाषा बदल्न जरुरी भएको औंल्याउँदै उनले सञ्चारमाध्यम आमजनताको साझा संरचना बन्न सक्नुपर्ने बताईन् । मातृभाषाका सञ्चारमाध्यमले स्रोत र साधनका सीमितताका बीच प्रभावकारी काम गर्न नसकिरहेको अवस्थामा राससले सञ्चालन गरेको मातृभाषाको समाचार सेवाबाट ठूलो सहयोग मिल्ने विश्वास व्यक्त गरिन् ।

"राससले मातृभाषामा आफ्नो सेवा विस्तार गर्दा संविधानमा भएको सङ्घीयता र समावेशीको मर्मलाई समेत आत्मसात् गरेको ठहरिन्छ । सङ्घीयता र समावेशीता कार्यान्वयन गर्नु सरकारको दायित्व हो । राससले आजदेखि प्रारम्भ गरेको मातृभाषा समाचार सेवालाई सरकारकै कार्यक्रमका रुपमा लिइनुपर्छ", मन्त्री शर्माले भनिन्, "यसमा सङ्घीय सरकारको मात्र नभई, प्रदेश र स्थानीय तहहरुको दायित्व स्थापित गर्न खोज्नु अझ महत्वपूर्ण छ ।"

राजनीतिक परिवर्तन पछाडि नेपालको समावेशी चरित्र बाह्य जगत्ले अनुकरण गर्न लायक बनेको उल्लेख गर्दै मन्त्री शर्माले राज्यका सबै निकायमा समावेशिताको प्रभाव र असर देखिन थालेको बताईन् । उनले पछिल्लो राजनीतिक परिवर्तनपछि नेपाल वास्तविक बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक राष्ट्र बनेको पनि स्पष्ट गरिन् । "हामीले संविधानमै राष्ट्रको परिभाषा स्पष्ट गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भनेका छौं"- मन्त्री शर्माले भनिन्, "नेपालमा बोलिने सबै मातृभाषा राष्ट्रभाषा हुन् ।"

नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने स्पष्ट व्यवस्था संविधानले गरेको स्मरण गराउँदै उनले भाषासम्बन्धी अन्य निर्णय गर्नुपरेमा आवश्यक सिफारिस गर्न भाषा आयोग पनि क्रियाशील रहेकाले अब भाषकै आधारमा कोही उत्पीडनमा परेको महसुस गर्नुनपर्ने बताईन् ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउतले भाषा, साहित्यको प्रवर्द्धन, उन्नयनका साथै मातृभाषाको सम्वर्द्धनमा राससको समाचार सेवाले महत्वपूर्ण आयाम थपेको बताईन् । "धेरै भाषा लोप हुन थालेका छन्, लेखन र बोलचाको अवस्था नरहे भाषा जीवित रहन सक्दैन", उनले भनिन्, "राज्य सञ्चालित राससबाट मातृभाषामा समाचार सम्प्रेषण गर्नु भाषा सम्वर्द्धनका लागि महत्वपूर्ण काम हो ।"

सचिव राउतले राष्ट्रिय हितको संरक्षण हुने गरी समाचार सामग्री सम्प्रेषण गर्न आग्रह गर्दै अन्य राष्ट्रियभाषामा पनि समाचार सम्प्रेषण गर्न सुझाव दिईन् । त्यसका लागि सहयोग गर्न मन्त्रालय तयार रहेको उनले बताईन् ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखेलले सञ्चार माध्यमको स्वीकार्यता र अपनत्व बढाउन भाषाभाषीका समाचार सामग्री महत्वपूर्ण हुने बताए । उनले मातृभाषमा समाचार अनुवाद मात्र गर्ने नभई ती भाषाभाषीका समस्यालाई उजागर गर्न सम्पादकीय दक्षता अभिवृद्धि गर्नुपर्ने बताए । अध्यक्ष पोखरेलले सूचना पाउने जनताको नैसर्गिक अधिकार भएकाले साना लगानीका सञ्चारमाध्यमलाई राससका समाचार सामग्री निःशुल्क उपलब्ध गराइनुपर्ने बताए ।

नेपाल विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले राससले थालनी गरेको मातृभाषाको समाचार सेवाबाट मातृभाषामा सूचना पाउने नागरिकको संविधान प्रदत्त हकलाई सुनिश्चित गर्न सहयोग मिल्ने बताए । "राससको सेवा विविधीकरणबाट समावेशी सञ्चारमाध्यमको अवधारणालाई बल पुगेको छ", उनले भने, "यससँगै समाचार सामग्रीको अभावमा मातृभाषाका सञ्चारमाध्यमलाई पनि ठूलो सहयोग मिलेको छ ।"

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले वर्तमान सरकारको नीतिगत फड्कोमा राससले पनि साझेदारी गर्न लागिरहेको उल्लेख गर्दै राष्ट्रिय भाषामा समाचार सेवा प्रारम्भ हुनु राससका लागि ऐतिहासिक भएको बताए । "राससले लोकतन्त्र, सङ्घीयता र समावेशीतालाई स्वीकार मात्रै नगरी कार्यान्वयनसमेत गरेको छ", उनले भने ।

विभिन्न भाषाभाषीको पत्रपत्रिका समाचारमूलक सामग्रीको अभावमा बन्द हुने अवस्थामा पुगिरहेको जनाउँदै अध्यक्ष झाले राससबाट सुरु भएको मातृभाषाको समाचार सेवाले त्यस्ता सञ्चारमाध्यमलाई पुरकको काम गर्ने बताए । उनले अवधि भाषामा समाचार सेवाका लागि सहयोग गरेकामा नेपालगन्ज उपमहानगरपालिकाप्रति आभार व्यक्त गरे ।

राससका महाप्रबन्धक सिद्धराज राईले मातृभाषामा समाचार सेवा सञ्चालनबाट सूचना प्रवाहलाई प्रभावकारी बनाउन सकिने र भाषाको संरक्षण तथा विकासमा प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । सबै प्रदेशको एउटा भाषाको प्रतिनिधित्व हुने गरी मातृभाषाको समाचार सेवा सञ्चालन गर्ने योजना रहेको जानकारी दिँदै उनले यसका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारको सहयोगको अपेक्षा गरिएको बताए ।

# व्यवस्थाको रक्षा गर्ने पुनको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का उप-महासचिव वर्षमान पुनले जनताको अवस्थामा सुधार गर्दै व्यवस्थाको रक्षा गर्न आफूहरु प्रतिबद्ध रहेको बताएका छन् । निरङ्कुश राजतन्त्रवादीले व्यवस्थामाथि हमला सुरु गरेको र त्यो आफूहरुमाथिको हमला भएको उनको भनाइ छ ।

पार्टीले सञ्चालन गरेको 'जनतासँग माओवादी, विशेष रुपान्तरण अभियान' अन्तर्गत बागमती, उपत्यका विशेष र सम्पर्क समन्वय प्रदेश समितिको समीक्षा बैठक तथा अभियान समापन समारोहलाई सोमबार यहाँ सम्बोधन गर्दै नेता पुनले परिवर्तनको नेतृत्वकर्ता शक्तिका हैसियतले निरङ्कुशतावादीहरुको चुनौती स्वीकार गर्न तयार रहेको बताए ।

उनले आफूहरुले कोसिस गर्दागर्दै असफल भए पनि अर्को क्रान्तिकारी शक्तिको जन्म भएर परिवर्तनको रक्षा गर्ने उल्लेख गरे । "गणतन्त्रसहित उपलब्धिमाथि निरङ्कुशतावादीका तर्फबाट प्रश्न उठाउन थालिएको छ", नेता पुनले भने, "यो व्यवस्थामाथिको मात्र प्रश्न होइन, माओवादीमाथिको पनि प्रश्न हो ।"

पूर्वअर्थमन्त्रीसमेत रहेका नेता पुनले जनताको अवस्था बदल्न निरन्तर प्रयास गर्दै समाजवादी विकल्प तयार पार्नु आफूहरुको राजनीतिक ध्येय भएको बताए । उनले जनता र कार्यकर्ता तहबाट उठेका प्रश्न र असन्तुष्टिको सम्मान गर्दै सबै प्रश्नको जवाफ आफूहरुले दिने स्पष्ट पारे । नेता पुनले नेतृत्वले आफ्नो वर्गीय धरातल छाडेको आरोप लाग्ने गरेको चर्चा गर्दै माओवादी सर्वहारा वर्ग, मजदुर, किसान, श्रमिक र देशभक्तहरुको पार्टी भएको दाबी गरे । उनले आसन्न विधान सम्मेलनबाट कार्यकर्ता जनताबाट र नेता तथा कार्यकर्ताबाट अनुमोदित हुनुपर्ने प्रणाली विकास गर्ने गरी गृहकार्य भइरहेको जानकारी दिए ।

"माओवादी केन्द्र कार्यकर्तासँगै जनता भएको पार्टी हो । अब हामी जनताको मन जितेर कार्यकर्ता र कार्यकर्ताको मन जितेर नेता हुने प्रणाली संस्थागत गर्न खोज्दैछौं", उनले भने, "यसले नेतृत्वमा युवाहरु आउनुपर्ने भन्ने भन्ने आवाजको पनि सम्बोधन गर्नेछ ।"

# अमेरिकी अन्तरिक्ष यान चन्द्रमा यात्रामा



**एएफपी**

केप क्यानभेरल । आधा शताब्दीभन्दा बढी समयपछि चन्द्रमामा अवतरण गर्ने प्रयास गर्ने पहिलो अमेरिकी अन्तरिक्ष यान सोमबार बिहान सफलतापूर्वक प्रक्षेपण गरिएको छ ।

नयाँ रकेट युनाइटेड लन्च एलायन्स (यूएलए) को भुल्कान सेन्टौरले फ्लोरिडाको केप क्यानाभेरल स्पेस फोर्स स्टेसनबाट स्थानीय समय अनुसार बिहान २:१८ बजे एस्ट्रोबोटिकको पेरेग्रिन लुनार ल्याण्डरलाई लिएर आफ्नो पहिलो यात्राको लागि उडेको हो ।

करिब ४८ मिनेटपछि बिना कुनै समस्या रकेटबाट ल्यान्डर अलग भएपछि मिसन कन्ट्रोलका कर्मचारीले ताली बजाएर खुसीयाली मनाएका थिए । यूएलएका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत टोनी ब्रुनोले नासाको प्रत्यक्ष प्रसारणमा प्रक्षेपणको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "म निकै रोमाञ्चित छु । यो वर्षौंको कडा परिश्रमको परिणाम हो ।" "यो चन्द्रमामा फर्कने अहिलेसम्मको ने वास्तवमा नै सुन्दर अभियान भएको छ ।"यूएलएका रणनीतिक योजना निर्देशक एरिक मोन्डाले प्रक्षेपणलाई 'एकदम सही' प्रक्षेपणको रूपमा वर्णन गर्नुभयो ।"ये निकै ठीक छ । म हेर्नका लागि बाहिर नै निस्केको छु ।" उहाँले भन्नुभयो ।

यदि सबै कुरा योजनाअनुसार भयो भने पेरेग्रिनले फेब्रुअरी २३ मा चन्द्रमाको मध्य अक्षांश क्षेत्र 'साइनस भिस्कोसिटाटिस' अर्थात् 'बे अफ स्टिकिनेस' मा अवतरण हुनेछ ।

अहिलेसम्म, पृथ्वीको सबैभन्दा नजिकको खगोलीय छिमेकमा सफल अवतरण केवल केही राष्ट्रका अन्तरिक्षसम्बन्धी निकायहरूले मात्र पूरा गरेका छन् । यस अभियानलाई पूर्व सोभियत सङ्घले पहिलो पटक सन् १९६६ मा सम्पन्न गरेको थियो भने त्यसपछि लगत्तै संयुक्त राज्य अमेरिका चन्द्रमामा मानिसहरूलाई अवतरण गराउने मुलुक बनेको थियो ।

पछिल्लो एक दशकमा चीनले तीन पटक सफलतापूर्वक अवतरण गरेको छ भने भारतले गत वर्ष आफ्नो दोस्रो प्रयासमा यो उपलब्धि हाँसिल गरेको थियो ।अब, 'व्यावसायिक पेलोड सर्भिस' (सीएलपीएस) कार्यक्रम अन्तर्गत संयुक्त राज्य अमेरिका व्यावसायिक चन्द्र अर्थव्यवस्थालाई प्रोत्साहित गर्न र लागतको एक अंशमा आफ्नै हार्डवेयरले बनेको यानसहित व्यावसायिक क्षेत्रमा फर्किरहेको छ ।

एस्ट्रोबोटिकका प्रमुख कार्यकारी अधिकृत जोन थोर्नटनले अपोलोपछि पहिलो पटक अमेरिकालाई चन्द्रमाको सतहमा फर्काउनु महत्वपूर्ण सम्मानको कुरा भएको बताउनुभएको छ । नासाले यस कार्यका लागि एस्ट्रोबोटिकलाई एक अर्ब अमेरिकी डलरभन्दा बढी भुक्तानी गरेको छ भने अर्को सम्झौता गरिएको कम्पनी ह्युस्टनस्थित ' इन्ट्युटिभ मेशिन्स'ले फेब्रुअरीमा प्रक्षेपण गर्ने र चन्द्रमाको दक्षिणी ध्रुव नजिक अवतरण गर्ने योजना बनाएको छ ।

"आर्टेमिसको तयारीका लागि चन्द्रमाको सतहमा अधिक लागत प्रभावी र छिटो सम्पन्न यात्रा गर्न यसले सहज बनाउनेछ," अन्वेषणका लागि अमेरिकी अन्तरिक्ष निकायका उप सहयोगी प्रशासक जोएल केर्न्सले भन्नुभयो । आर्टेमिस नासाको नेतृत्वमा यस दशकको अन्त्यमा चन्द्रमामा अन्तरिक्षयात्रीहरूलाई फर्काउने कार्यक्रम हो ।

# ब्राजिल फुटबलकै पर्याय जगालो

रियो डे जेनेरियो । ब्राजिल भनेपछि त्यसै पनि फुटबल अगाडि आउँछ। विश्व फुटबलको सबैभन्दा सफल देश हो, ब्राजिल । ब्राजिलको परिचय नै फुटबल पनि भनिन्छ । ब्राजिलले सबैभन्दा बढी पाँचपल्ट विश्वकप जितेको छ ।



ब्राजिली फुटबलका कथा सुन्नुपर्छ, ती अविश्वसनीय र अद्वितीय रहने गर्छन् । तिनै कथाका एक सर्वाधिक महत्वपूर्ण व्यक्तिको शनिबार निधन भयो र उनी थिए, मारियो जगालो ।

ब्राजिलले चारपल्ट विश्वकप जित्दा जगालो त्यससँग जोडिन्छन् । यत्तिकैले पनि देखाउँछ, उनको ब्राजिली फुटबलमा योगदान ।

अझ जगालोलाई ब्राजिली फुटबलको पर्याय पनि मानिन्छ । पछिल्लो केही समययता जगालो बिरामी थिए। निधन हुँदा उनी ९२ वर्षका थिए। खेलाडी र प्रशिक्षक दुवै भूमिकामा विश्वकप जित्ने उनी पहिलो थिए ।

ब्राजिलले सन् १९५८ मा पहिलो पल्ट विश्वकप जितेको थियो । त्यसको चार वर्षपछि ब्राजिलले फेरि उपाधि जित्यो । दुवै अवसरमा जगालो टिमका प्रमुख खेलाडी थिए। सन् १९७० मा विश्वकप जितेको ब्राजिली टिमका उनी प्रशिक्षक थिए ।

पेलेको नेतृत्वमा रहेको त्यस टिमलाई विश्व फुटबल इतिहासकै सबैभन्दा उत्कृष्ट मानिन्छ। यत्तिको बलियो टिम विश्व फुटबलमा बनेकै छैन भनिन्छ । यसरी ब्राजिलले तेस्रो पल्ट विश्वकप जित्दा उनी प्रशिक्षक थिए, यसैक्रममा खेलाडी र प्रशिक्षक दुवै भूमिकामा विश्व फुटबलको सबैभन्दा ठूलो उपाधि जित्ने दुर्लभ उपलब्धि हात पारे । सन् १९९४ मा ब्राजिलले फेरि विश्वकप जित्यो र त्यति बेला उनी टिमका सहायक प्रशिक्षक थिए ।

जगालोले मुख्य प्रशिक्षक कार्लोस अल्बर्टोको सहायक भएर काम गरेका थिए । अहिले उनको निधनमा पूरा ब्राजिल स्तब्ध छ र त्यहाँ तीन दिनको राष्ट्रिय शोक घोषणा गरिएको छ ।

वास्तवमै उनी ब्राजिलमा अत्याधिक लोकप्रिय छन् र यसको कारण हो, फुटबललाई ब्राजिलको राष्ट्रिय भावनासँग जोडेर हेर्ने उनको दृष्टिकोण। अझ उनको व्यक्तित्व नै थियो, फुटबल भनेपछि ब्राजिल कोहीसँग पनि झुक्नै हुन्न भन्ने । खासमा उनी आम फुटबल खेलाडीभन्दा धेरै अर्थमा फरक थिए ।

**१३ नम्बरको संयोग**

त्यसैले उनले सबैभन्दा पहिले १३ नम्बर जर्सी लगाएर खेल्ने निर्णय गरे र त्यसमा कायम पनि रहे । त्यति मात्र होइन, उनले १३ तारिख आफ्नो विवाहका लागि दिन रोजे । अनि सबैखाले फुटबल गतिविधिबाट सन्यास लिनका लागि उनले रोजेको दिन थियो, सन् २०१३ को जुलाई १३ ।

अरूले अशुभ ठान्ने १३ नम्बर उनलाई भने शुभ लाग्थ्यो र उनी यस अंकसँग आफ्नो जीवनमा भाग्यले प्रवेश गरेको विश्वास पनि गर्थे ।

संयोग नै मान्नु पर्छ, उनको पहिलो रोजाइ भने फुटबल थिएन् । सन् १९३१ मा उनको जन्म भएको थियो । सुरुमा उनी पाइलट हुन चाहन्थे, तर सकेनन् । उनको आँखा केही कमजोर थियो । त्यसैले व्यवस्थापन विषय लिएर पढे, अनि शोखले फुटबल खेल्न सुरु गरे ।

एउटा महत्वपूर्ण तथ्य के थियो भने उनको जमानामा ब्राजिलमा फुटबल त्यस्तो थिएन, जस्तो अहिले छ । फुटबललाई राम्रो पेशा मानिदैनथ्यो । उनलाई फुटबल खेल्न परिवारबाटै रोक थियो ।

तर उनको भाग्यमा फुटबल लेखिएको थियो, त्यो भएर छाड्यो । मिडफिल्डरका रूपमा उनले खेल्न सुरु गरे र त्यही भूमिकामा रहे पनि । तर अलिकति फरक ढंगले । उनी लेफ्ट विङको जिम्मेवारीमा रमे ।

**पेले र जगालो**

सन् १९५८ को विश्वकप उनको लागि पनि पहिलो थियो । पेले त्यति बेला १७ वर्षका थिए। जगालो भने २७ वर्षका । त्यसैले पनि उनी भन्थे, 'मैले कहिले पनि पेलेसँग खेलिनँ । तर पेलेले मसँग खेलेको हो ।' खेल जीवन सकिएपछि उनी प्रशिक्षक भए र पेलेलाई आफ्नो टिमबाट खेलाए ।

फुटबलका सबैखाले गतिविधिबाट सन्यास लिए पनि उनी कुनै न कुनै रूपमा फरक भूमिकामा सार्वजनिक रूपमा देखा परिरहे । यसको एउटा कारण त उनी ब्राजिली समाजमा अति धेरै लोकप्रिय रहनु नै हो । ब्राजिली फुटबलमा उनलाई जोडेर उखान नै छ र त्यो खुबै प्रयोगमा पनि हुन्छ ।

अरूले मन नपराइएको स्थितिमा पनि कोही जित्छ भने त्यति बेला जगालोको नाम लिइन्छ । उनको निधनसँगै ब्राजिली फुटबलको इतिहासकै एक अध्याय सकिएको छ ।अनलाइन खवर

# बङ्गलादेशमा हसिना पाँचौं पटक प्रधानमन्त्री बन्ने आधार निश्चित

**एएफपी**

ढाका । बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाको दलले संसद्मा तीन चौथाइ सिट जितेको निर्वाचन अधिकारीहरूले सोमबार बताएका छन् ।



निर्वाचनआयोगकासहसचिव मोनिरुज्जमान तालुकदरले भन्नुभयो, "अवामी लीगले आइतबार सम्पन्न निर्बाचन जितेको छ। प्रधानमन्त्री हसिनाको दल आवामी लीगले २२३ सीट जितेको छ । निर्वाचनमा ६१ स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।" बिजयी भएका सांसद्मध्ये अधिकांश अवामी लीगसँग आबद्ध व्यक्ति भएको केही स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । यो विजयपछि हसिना पाँचौ पटकका लागि पुनः देशको कार्यकारी बन्न पाउने निश्चित भएको छ ।

प्रधानमन्त्री शेख हसिनाको राजीनामा र कामचलाउ सरकारद्वारा निर्वाचन गर्न गरेको विपक्षी दलको मागलाई वेवास्ता गरेको र यस्तो अवस्थामा हुने निर्वाचन स्वतन्त्र तथा निष्पक्ष हुनेमा आशङ्का गर्दै पूर्वप्रधानमन्त्री खालिदा जिया नेतृत्वको प्रमुख विपक्षी दल बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) सहितका केही दलले आइतबारको मतदान बहिस्कार गरेका थिए ।

मुख्य विपक्षी दल बीएनपीसहितका हसिनाको नेतृत्वप्रति असन्तुष्ट केही दलले निर्वाचन बहिष्कार गरेको र निर्वाचनमा रहेका अन्य विपक्षी दलको प्रभाब निकै कम रहेकोले हसिनाको पार्टी र साझेदारहरूले थप सीट पनि जित्ने अनुमान गरिएको छ ।

बीएनपीले निर्वाचनलाई 'स्वाङ' को सङ्ज्ञा दिएको छ । बीएनपीका नेता र समर्थकहरूको व्यापक गिरफ्तारीपछि आइतवार सम्पन्न निर्वाचनको परिणाम आएको छ।बङ्गलादेशको निर्वाचन आयोगले निर्बाचनमा झन्डै ४० प्रतिशत मत खसेको बताएको छ । यद्यपि आलोचकहरूले उक्त स~~या पनि बढाइचढाइ प्रस्तुत गरिएको हुन सक्ने आशङ्का व्यक्त गरेका छन् ।सन् २०१८ मा सम्पन्न निर्वाचनमा ८० प्रतिशतभन्दा बढी मतदान भएको थियो ।

निर्वाचनको सम्पूर्ण परिणाम आइनसकेकोले निर्बाचन परिणामको औपचारिक घोषणा हुन बाँकी नै छ । शेख हसिना सन् १९९६ मा पहिलो पटक प्रधानमन्त्री बन्नुभएको थियो । त्यसपछि सन् २००९, २०१४ र २०१८ मा भएका निर्बाचनमा उहाँ प्रधानमन्त्रीका रूपमा क्रमशः दोस्रो, तेस्रो र चौंथो पटक निर्वाचित हुनुभएको थियो ।

# जापानमा भूकम्पका कारण मृत्यु हुनेको संख्या १६१ पुग्यो



**एएफपी**

शिका । जापानमा अङ्ग्रेजी नयाँ वर्षको दिन गएको भूकम्पमा परी मृत्यु हुनेको स~~या १६१ पुगेको छ । दुई हजारभन्दा बढी मानिस अझै पनि सम्पर्कविहीन भएका छन् भने अन्य धेरैलाई आपतकालीन आश्रयस्थलमा राखिएको छ ।

मध्य इशिकावा क्षेत्रमा ७.५ म्याग्नीच्यूडको भूकम्पका कारण भवनहरू भत्केको, आगलागी भएको र एक मिटरभन्दा अग्लो सुनामीको छाल आएको साथै भूकम्प र यसबाट निम्तिएका दुर्घटनाका कारण मृत्यु हुनेको स~~या १६१ पुगेको छ भने १०३ जना अझै हराइरहेका अधिकारीहरूले बताएका छन् ।

सोमबार भूकम्प आएको नोटो प्रायद्वीपका धेरै समुदायहरू भूकम्पका कारण क्षतिग्रस्त सडकहरूले गर्दा राजमार्ग तथा सडक सञ्जालबाट टाढा हुनुपरेको छ । अनुमानित एक हजार पहिरोहरूमध्ये केहीले सडकमार्गलाई पुरेको वा भत्काएका कारणत्यहाँ सहायताका लागि पठाइएका यातायातका साधनहरू पनि बाटोमा नै अलपत्र बनेका छन् ।

पछिल्लो दुई दिनयता यस क्षेत्रमा हिउँ परेको छ र केही क्षेत्रमा रातभर १० सेन्टिमिटर (चार इन्च) भन्दा बढी पानी परेको छ ।सुजु शहरमा भत्किएको घरको भग्नावशेषमुनि ९० बर्षभन्दा बढी उमेरकी एक महिलालाई पाँच दिनपछि शनिबार जीबितै उद्धार गरिएको थियो ।

# खेदकुद क्लबलाई ३७ लाख सहयोग

**टुडे समाचारदाता**

पाटन । ललितपुर महानगरपालिकाले यहाँका खेदकुद क्लबलाई आर्थिक सहयोग गरेको छ । महानगरपालिकाले ११ क्लबलाई रु ३७ लाख सहयोग गरेको छ ।




महानगरले वार्षिक बजेटमा व्यवस्था भएअनुसार महानगरभित्रका 'ए' 'बी' र 'सी' डिभिजनमा रहेका खेलकुद क्लबलाई क्रमश : रु चार लाख, रु तीन लाख र रु दुई लाखका दरले रकम उपलब्ध गराएको हो ।

यसैगरी विभिन्न प्रतियोगितामा विजय हासिल गरेका क्लबलाई समेत नगदसहित पुरस्कृत गरिएको महानगर प्रमुख चिरीबाबु महर्जनले जानकारी दिए। पुरस्कृत हुनेमा 'ए' डिभिजनमा रहेका थ्री स्टार क्लब, जावलाखेल युथ क्लब, फ्रेन्डस् क्लब, सातदोबाटो युथ क्लब र चर्च व्वाइज युनाइटेड क्लब रहेका छन् ।

यस्तै 'बी' डिभिजनमा रहेका च्यासल युथ क्लब, ब्रिगेड व्वाइज र खुमल्टार युथ क्लब तथा 'सी' डिभिजनमा रहेका सानेपा युथ क्लब, खालीबारी युथ क्लब, पुल्चोक स्पोर्टस् क्लब र झम्सिखेल युथ क्लबलाई पुरस्कृत गरिएको छ ।

सबै क्लबलाई प्रमुख महर्जनले रकमको चेक हस्तान्तरण गरे । "आगामी दिनमा खेलकुद क्लबलाई प्रदान गरिने रकममा वृद्धि गर्छौं", प्रमुख महर्जनले भने ।

# म्यान्माबाट ९ महिनामा ९ लाख ५३ हजार ५०२ टन चामल निर्यात

**सिन्ह्वा**

याङ्गुन । म्यान्माले आर्थिक वर्ष २०२३-२४ को पहिलो नौ महिनामा ९ लाख ५३ हजार ५०२ टन चामल निर्यात गरेको छ । सो निर्यातबाट ४६२ मिलियन अमेरिकी डलर आम्दानी भएको हालै सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ ।

सो नौ महिनाको अवधिमा पनि डिसेम्बर महिनामा सबैभन्दा बढी चामल निर्यात भएको र राजस्व ९९ मिलियन डलर सङ्कलन तथ्याङ्कले देखाएको छ ।

स्रोतका अनुसार डिसेम्बरमा १ लाख १ हजार १५६ टन चामल र ९४ हजार ६७२ टन टुक्रा चामल निकासी भएको थियो । म्यान्माले इन्डोनेसिया, फिलिपिन्स, चीन, पोल्याण्ड, मलेसिया, बेल्जियम, नेदरल्यान्ड्स र भियतनामलगायत २० भन्दा बढी देश र क्षेत्रहरूमा चामल निर्यात गर्ने गर्दछ ।

# बाढीबाट मलेसियामा ८ हजारभन्दा बढी विस्थापित

**सिन्ह्वा**

क्वालालम्पुर । हालैको बाढीबाट मलेसियामा ८ हजार भन्दा बढी जनता विस्थापित भएका छन् । मलेसियामा आज साँझ ६ बजेसम्म बाढीका कारण ८ हजार ५६३ व्यक्ति विस्थापित भएको बताइएको छ । बाढीबाट प्रभावित क्षेत्रहरू मध्ये जोहर राज्य सबैभन्दा बढी प्रभावित भएको छ।

समाज कल्याण विभागका अनुसार जोहर प्रदेशमा ७ हजार १ सय ५३ जना विस्थापित भएका छन् भने पहाङ प्रदेशमा १ हजार ४१० विस्थापित भएका छन् । विस्थापितहरू ७७ वटा राहत केन्द्रमा स्थानान्तरण गरिएका छन् ।

यसै बीच मौसम विभागले उत्तरपूर्वी मनसुनका कारण भारी वर्षाको चेतावनी जारी गरेको छ । यस्तो वर्षा सामान्यतया अक्टोबरदेखि मार्चसम्म रहन्छ । उत्तरी राज्यहरू र दक्षिणपूर्वी पूर्वी तटमा कडा हावा चल्ने गर्दछ ।

# गाजा द्वन्द्व सन् २०२४ मा पनि जारी रहने इजरायली सेना प्रमुखको भनाइ

**सिन्ह्वा**

जेरूसेलम । गाजामा तीन महिनादेखि जारी द्वन्द्व सन् २०२४ मा पनि जारी रहने तथा फैलिदै जाने सम्भावना रहेको इजरायलका सेना प्रमुख हर्जी हेलेवीले आइतबार बताउनुभएको छ ।

इजरायली सेना प्रमुख हेलेवीले सन् १९६७ देखि इजरायलले कब्जा गरेको प्यालेस्टिनी क्षेत्र वेस्ट बैंकको भ्रमणको क्रममा यस्तो टिप्पणी गर्नुभएको हो ।

उहाँका अनुसार, सन् २०२४ चुनौतीपूर्ण हुनेछ र इजरायल यो बर्षभरी सक्रियतापूर्वक गाजा लडाईंलाई जारी राख्नेछ । "प्यालेस्टिनी इस्लामिक समूह (हमास) सँगको पूर्ण द्वन्द्वको अवस्थामा केही सहज हुन सक्छ तर अन्त्य हुने सम्भावना रहेको छैन," उहाँले भन्नुभयो ।

विशेष गरी वेस्ट बैंकमा ७ अक्टोबर २०२३ मा एक्कासी आक्रमण भएपछि सुरु भएको हिंसा जारी रहने सम्भावना रहेको चेतावनी उहाँले दिनुभयो ।

शिया लडाकु समूह हेजबुल्लाह समूहसँग लेबनानसँगको देखिएको तनाव कम गर्न उत्तरी इजरायली सिमानामा सेनाले दबाब बढाउनेछ । उक्त क्षेत्रमा हेजबुलाह समूह र इजरायली सेनाबीच आक्रमण र प्रत्याक्रमण जारी रहेको छ ।

गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार गाजा पट्टीमा जारी इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या बढेर २२ हजार आठ सय ३५ पुगेको छ । घाइतेहरूको सङ्ख्या ५८ हजार ४१६ पुगेको छ ।

हमासले अक्टोबर ७ मा इजरायलको दक्षिणी सीमा क्षेत्रमा गरेको आक्रमणमा इजरायलमा करिब एक हजार दुई सय व्यक्तिले ज्यान गुमाएका थिए ।

# अस्ट्रेलियाको ग्रेट ब्यारियर रिफ टापुमा विमान दुर्घटना

**सिन्ह्वा**

सिड्नी । अष्ट्रेलियाको ग्रेट ब्यारियर रिफस्थित टापुमा सोमबार विमान दुर्घटना हुँदा १० जना घाइते भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।



सोमबार बिहान १० जना सवार विमान केअर्न्सको लागि उडेको केही समयपछि ब्रिसबेनबाट करिब एक हजार छ सय किलोमिटर उत्तरपश्चिममा रहेको लिजार्ड आइल्याण्डको धावनमार्गमा फर्किरहेको अस्ट्रेलियाली पत्रिकाले जनाएको छ ।

आरोहणका क्रममा टाउन्सभिल एयरलाइन्सद्वारा सञ्चालित सेस्ना २०८ को इन्जिनमा प्राविधिक समस्या भएको सङ्केतपछि चालकले 'लिजार्ड आइल्याण्ड'मा फर्कने प्रयास गरेको अस्ट्रेलियाको यातायात सुरक्षा ब्यूरोका प्रमुख आयुक्त एङ्गस मिचेलले बताउनुभयो । विमानमा सवारहरूलाई गम्भीर चोटपटक लागेको रिपोर्टहरू मिचेललाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

स्थानीय समाचार वेबसाइट न्युज डट कमकाअनुसार क्वीन्सल्याण्डको सामुदायिक स्वास्थ्य केन्द्र (क्वीन्सल्याण्ड हेल्थ) ले घाइते सबैलाई केअर्न्स अस्पतालमा लगिएको थियो । घाइतेहरूको अवस्था सामान्य रहेको छ । क्वीन्सल्याण्ड एम्बुलेन्स सेवाका ब्रिना किटिङ्ले दुर्घटनामा भाइते भएकामध्ये एक जनाको हातमा तथा अर्काको टाउकोमा गम्भीर चोट लागेको बताउनुभयो ।

# मकै र धानको बीउको मूल्य निर्धारण



टुडे समाचारदाता

गुल्मी । गुल्मीमा मकै र धानको बीउको मूल्य निर्धारण गरिएको छ । जिल्ला खाद्यान्नबाली बीउ उत्पादक सञ्जालको सोमबार सदरमुकाम तम्घासमा बसेको बैठकले चालु आर्थिक वर्षका लागि खरिद र बिक्री बीउको मूल्य निर्धारण गरेको हो ।

बीउ उत्पादक सञ्जालले जिल्लाभित्र मनकामना र देउतीको मूल बीउ प्रतिकिलो खरिद रु एक सय पाँच र बिक्री रु एक सय २५ तोकेको छ । त्यसैगरी अरुण-२ खरिद रु एक सय २० र बिक्री रु एक सय ४० निर्धारण गरिएको सञ्जालका अध्यक्ष कृष्णप्रसाद घिमिरेले जानकारी दिए ।

प्रमाणित बीउअन्तर्गत भने देउती र मनकामना खरिद प्रतिकेजी रु ९५ र बिक्री रु एक सय कायम गरिएको छ । गतवर्षको तुलनामा यसवर्ष जिल्लामा मकैको बीउको उत्पादन घटेको छ । गतवर्ष पाँच सय २७ क्विन्टल बीउ उत्पादन भएकामा यसवर्ष तीन सय ७७ क्विन्टल मात्र बीउ उत्पादन भएको छ । जिल्लामा यसवर्ष रु ४० लाख बराबरको मकैको बीउ उत्पादन भएको उनले बताए ।

यसवर्ष एक सय ५६ मेट्रिकटन मकैको बीउ उत्पादन हुने लक्ष्य लिएकामा लक्ष्यभन्दा कम ३७ दशमलव सात मेट्रिकटन मात्र बीउ उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले जानकारी गराए । जिल्लामा पाँच सय ६१ मेट्रिकटन कमैको बीउ आवश्यक पर्नेमा बीउ उत्पादन निकै चिन्ताजनक अवस्थामा रहेको उनको भनाइ थियो ।

जिल्लामा उन्नत बीउको उत्पादन घट्नुमा किसानले उत्पादन बढाउन हाईब्रिड बीउ प्रयोग धेरै गर्नु र बाँदर र बँदेलजस्ता वन्यजन्तुले मकैबारीमा नोक्सान गर्नु मुख्य कारण रहेको स्थानीय बाँसखर्क कृषि सहकारीका अध्यक्ष टोपलाल पाण्डेले बताए ।

त्यसैगरी बीउ उत्पादक सञ्जालले स्थानीय धानको बीउको मूल्य पनि निर्धारण गरेको छ । निर्धारित मूल्यअनुसार स्थानीय हँसराज धान खरिद प्रतिकेजी रु एक सय र बिक्री रु एक सय १५ कायम गरिएको छ । चैत-५ र खुमल-१० प्रतिकेजी खरिद रु ८० र बिक्री रु ९० र मकवानपुर-१ खरिद प्रतिकेजी रु ७० र बिक्री प्रतिकेजी रु ८० निर्धारण गरिएको छ ।

पछिल्लो समयमा जिल्लामा स्थानीय उन्नत जातको बीउभन्दा हाईब्रिड बीउको प्रयोग बढ्दो छ । यहाँका किसानले मकै खेतीमा ७० प्रतिशत र धानमा ८० प्रतिशत हाईब्रिड बीउ प्रयोग गर्ने गरेको केन्द्रका कृषिप्रसार अधिकृत शिवलाल बञ्जाडेले जानकारी दिए ।

# बजार नपाउँदा किसान समस्यामा

टुडे समाचारदाता

इलाम । बजार अभावले कृषि क्षेत्र सङ्कटमा पुगेको जनाउँदै इलामका किसानले गुनासो गरेका छन् । उनीहरुले दूध, अर्थोडक्स चियालगायत उत्पादित उपजको खस्किँदो बजार, पशु तथा बालीनालीमा लाग्ने रोगका कारण समस्यामा पर्दै गएको बताएका हुन् । प्रतिदिन ६० लिटर दुग्ध बिक्री गर्दै आएका सूर्योदय नगरपालिका-११ का गोपाल भट्टराइले पछिल्लो समयमा डेरीमा थन्किएको घ्यू छुर्पी देख्दा चिन्तित हुन थालेको बताए ।

उत्पादित कृषिउपजले बजार नपाउँदा किसानले हातमुख जोड्न समस्या भएको बताएपछि किसानसम्बद्ध सङ्घसंस्थाले स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन् । किसानलाई प्रोत्साहन कम भएको जनाउँदै सूर्योदय उद्योग वाणिज्य सङ्घ, नगरस्थित राष्ट्रिय कृषक समूह महासङ्घ, एलाइन्स फर एग्रो इन्टरप्रेसनर्स र हिमालयन चिज उत्पादक सङ्घले सूर्योदय नगरप्रमुख रणबहादुर राईलाई ध्यानाकर्षणपत्र बुझाएका हुन् ।



सूर्योदय नगरमा दिनहुँ उत्पादन हुने करिब ६० हजार लिटर दूधको बिक्री र मूल्य भुक्तानीको व्यवस्था सहज गर्न, हाल 'स्टक' रहेको ३७ हजार किलो घ्यू र ४८ हजार किलो छुर्पी र ९३ हजार किलो चिज (इलाम जिल्ला भरको) बिक्रीका लागि व्यवस्था गर्न माग गरिएको नगर स्थित राष्ट्रिय कृषक समूह महासङ्घका सचिव मदन पौड्यालले बताएका छन् ।

इलाम कृषि तथा पशुपालन उद्योगबाटै ख्याति कमाएको जिल्ला भए पनि जीवनयापनको आधार सङ्कटग्रस्त भएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । भारतबाट आयात हुने दुग्ध पदार्थभन्दा सस्तोमा यहाँको दुग्ध परिकार उत्पादन गर्ने वातावरण बनाउन, लम्पी स्किन रोग नियन्त्रणका लागि खोप अभियान सुरु गरेको अवस्थामा त्यसलाई तीव्र गतिमा अघि बढाउन पनि माग राखिएको हिमालयन चिज उत्पादक सङ्घ सूर्योदयका सचिव तोयानाथ महतले बताए । उहाँका अनुसार, लम्पीस्किन रोगको खोप कार्डबिना किसानले गाईको बीमासमेत नगर्ने भएकाले पशु बिमा सहज बनाउन आवश्यक समन्वय गरिदिन र खोरेतमुक्त क्षेत्र निर्माणका लागि आवश्यक पहल गर्न माग गरिएको छ ।

"कृषकले थालेको दूध र दुग्ध व्यवसाय करिब एक वर्षदेखि बजारमा आएको उत्तारचढावका कारण अप्ठ्यारामा छ । खेतबारी मासेर लगाएको चियाको हरियोपत्तीको मूल्य महिनौँदेखि कृषकले पाएका छैनन्", सूर्योदय उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रमोद राईले भने, "जिल्लाभर अलैँचीको ७५ प्रतिशत बगान मासिएको छ । अब किसानको बाँच्ने जग कमजोर बन्दै गएको छ ।"

उनीहरूले स्थानीय सरकारमार्फत् तीनै तहका सरकारले समस्या समाधानका लागि तत्काल पहल थाल्न ध्यानाकर्षण गरेका हुन् । सूर्योदय-११ का गोपाल भट्टराइले प्रतिदिन ६० लिटर दुग्ध बिक्री गर्छन् । ज्योति पुञ्ज गाईफार्म दर्ता गरेर व्यावसायिक दुग्ध उत्पादन गरिरहेका उनले स्थानीय सुप्रभात डेरी उद्योगलाई दुग्ध बिक्री गर्छन् । तर, पछिल्लो समयमा डेरीमा थन्किएको घ्यू छुर्पी देख्दा उनको मनमा चिसो पस्न थालेको छ । "हाम्रो ठाउँमा आशलाग्दो बनेको गाईपालन नै मासिएलाजस्तो छ", उनी भन्छन्, "दूध बिकेन भने किसानले हातमुख कसरी जोड्ने ? घरघरमा अभाव छिर्ने खतरा बढ्यो ।"

दुग्ध पदार्थ बिक्री नहुँदा इलामका कृषकलाई 'मिल्क होलिडे' सुरु हुने त्रास बढेको छ । घ्यू र छुर्पी बिक्री नभएपछि विराटनगर दुग्ध वितरण आयोजनाले मात्र होइन निजी क्षेत्रका डेरीले किसानको दूधको भुक्तानी दिन सकेका छैनन् । यसका कारण कृषक अप्ठ्यारोमा परेका छन् । "यसअघि गुणस्तरको आधारमा प्रतिलिटर रु ७० सम्म दूधको मूल्य पाएका किसानले अहिले ४०-५० मा चित्त बुझाउनुपरेको छ ।" सूर्योदय -१ मकर जुङ्का किसान जीवन पोखरेल भन्नुहुन्छ, "न समयमा पेमेन्ड हुन्छ, सबै उद्योगमा सामान स्टक देखिन्छ । यो पाराले त मिल्क हालिडे होलाजस्तो भइसक्यो", इलाममा दुग्ध विकास संस्थान (डिडिसी)र निजी दुग्ध उद्योगका लागि ७८ हजार लिटर दुग्ध दैनिक उत्पादन गर्ने करिब चार हजार परिवार कृषकको यस्तै ब्यथा छ ।

सूर्योदयका दुग्ध व्यवसायी अमृत पाण्डेले घ्यू छुर्पी बिक्री नभएपछि निजी डेरीले दूधको मूल्य घटाउन बाध्य हुनुपरेको बताए । सन्राइज डेरी उद्योगमा दैनिक दुग्ध सङ्कलन गर्दै आएका पाण्डेसँग हाल घ्यू छुर्पी स्टक रहेको छ । उनी भन्छन्, "सकेसम्म ऋण लिएर पनि किसानको भक्तानी समयमा गरिरहेको थिएँ तर, अब अवस्था जटिल भइसक्यो ।"

आयोजनाले पनि घ्यू, पाउडर दूधको बिक्री सहज नभएसम्म किसानको दूधको मूल्य भुक्तानी सहज नहुने जनाएको छ । विराटनगर दुग्ध वितरण आयोजनाका प्रमुख परमेश्वर चौधरीले अहिले घ्यू र पाउडर गरेर एक सय ३३ टन दुग्ध पदार्थ स्टकमा रहेको जानकारी दिए । "भण्डारण कक्ष कुनै खाली छैनन्", उनले भने, "बिक्री ठप्प भएपछि आयोजनालाई दैनिक सङ्कलन हुने दुग्ध व्यवस्थापन झनै चुनौतीपूर्ण बन्दै गएको छ ।"

पशुलाई दाना खुवाउन पनि ऋण काँड्नुपर्ने अवस्था आएको गुनासो पोख्दै कृषक राजन भट्टराईले निजी डेरीले दूध लिनै छोड्छन् की भन्ने डर सुरु भएको बताए । उनलाई आयोजनाले दूध थेग्न नसकेपछि मिल्क होलिडे सुरु हुने आशङ्का छ । सूर्योदय नगरपालिका-१२ का अर्का कृषक भूपेन्द्र गङ्तौला आयोजनाले कृषकको दूध खरिद गर्दिन भन्न नमिल्ने बताउछन् । उनी भन्छन्, "डिडिसी सरकारको निकाय हो, उसले किसानको दूध अस्विकार गर्न मिल्दैन ।"

आयोजना प्रमुख चौधरीले क्षमताले धान्न नसक्ने अवस्था आउन लागेको बताए । "आयोजनालाई छोडेर निजी डेरीसँग कारोबार गर्न थालेका दुग्ध कारोबार गर्ने सहकारीले आयोजनामै दूध पठाउन थालेपछि आयाजनाको क्षमताले थाम्न मुस्किल भएको छ ।" उनले भने । गत जेठ महिनादेखि आयोजनामा दूध बिक्रीको चाप बढ्न थालेको हो ।

दुग्ध पदार्थ बिक्री नभएपछि आयोजनाले कृषकलाई पुस महिनादेखिको दूधको रु ३० करोड भुक्तानी दिन नसकेको चौधरीले स्वीकार गरे । उनका अनुसार, आयोजनाले इलाम, झापा, धनकुटा, तेह्रथुम र विराटनगरका स्थानीय कृषकबाट दैनिक २२ हजार लिटर दूध सङ्कलन गर्ने गरेको छ भने अन्य आयोजनाबाट १५ हजार लिटर खरिद गरेर दैनिक ३७ हजार लिटर दूध जम्मा गर्ने गरेको छ । जम्मा भएको दूधमध्ये दैनिक पाँच हजार लिटर स्थानीय बजारमा खपत भए पनि अरू प्रशोधन गरेर घ्यू र पाउडर दूध बनाउने गरिएको छ ।

आयोजनाले इलामबाट दैनिक आठ हजार लिटर, झापाबाट पाँच हजार लिटर, धनकुटाबाट छ हजार लिटर, तेह्रथुमबाट दुई हजार लिटर, आयोजना आसपासका कृषकबाट एक हजार लिटर र अन्य आयोजनाबाट १५ हजार लिटर दूध खरिद गर्दै आएको छ । विसं २०३० देखि दुग्ध सङ्कलन गर्दै आएको छ । पाँच बिघा क्षेत्रमा फैलिएको आयोजनाको दुग्ध स्टोर गर्ने क्षमता एक लाख लिटर छ भने प्रतिघण्टा पाँच हजार लिटर प्रशोधन गर्न सक्छ ।

विराटनगर आयोजनाले इलामको शान्ति डाँडा, पूवाखोला, बिब्ल्याटे, लक्ष्मीपुर, तीनघरे, फिक्कल, कुटी डाँडा, झापाको गरामनी, धनकुटाको हिले र चित्रेमा चिलिङ सेन्टर स्थापना गरेर कृषकको दुग्ध सङ्कलन गर्दै आए पनि दुग्ध सहकारीले आयोजनालाई दुग्ध दिन बन्द गरेपछि पुवाखोला, लक्ष्मीपुर, कुटी डाँडाको चिलिङ सेन्टर बन्द गरेको छ ।

इलाममा निजी क्षेत्रले दैनिक ५३ हजार लिटरको हाराहारीमा दुग्ध खपत गर्दै आएको छ । निजी डेरीमा मात्रै एक हजारभन्दा बढी कृषकले दुग्ध बिक्री गर्दै आएका छन् । इलामका १८ वटा चिज कारखानाले दैनिक २७ हजार लिटर दुग्ध सङ्कलन गर्ने आएका छन् । स्थानीय बजार क्षेत्रमा दैनिक पाँच हजार लिटर दुग्ध बिक्री हुने गरेको छ । छुर्पी बनाउने उद्योगले दैनिक १५ हजार लिटर खपत गर्ने गरेको छ । ललिपप, बम्बैसनजस्ता मिठाई बनाउने उद्योगले तीन हजार लिटर र भारतका बजारमा तीन हजार लिटर दुग्ध बिक्री हुने गरेको दुग्ध व्यवसायमा संलग्न व्यवसायी बताउँछन् । इलाममा १८ चिज कारखाना, एक सय ५० को हाराहारीमा छुर्पी बनाउने उद्योग र १३ वटा दुग्ध मिठाई बनाउने उद्योग रहेको सरकारी तथ्यांक छ ।

इलाममा वार्षिक एक लाख १६ हजार ८६ मेट्रिक टन दुग्ध उत्पादन हुने गरेको छ । होलिस्टिन, जर्सी गरी इलाममा ३३ हजार तीन सय ७१ वटा उन्नत जातका गाई पालिएको सरकारी तथ्याङ्क छ । गाईपालनमा किसानको लगानी भए पनि अनिश्चित बजार र सरकारको बेवास्थाको कारण दुग्ध व्यवसाय सङ्कटमा पर्दै गएको राष्ट्रिय कृषक समूह महासङ्घ इलाम अध्यक्ष विष्णु दुलालले बताए ।

# डेढ करोडको सुन्तला बिक्री

टुडे समाचारदाता



गलेश्वर । म्याग्दीको बेनी नगरपालिका-३, भकिम्ली राखुगाउँका कृषकले सुन्तला बिक्री गरेर रु डेढ करोडभन्दा बढी रकम गाउँमा भित्र्याउन सफल भएका छन् । यस वर्ष जिल्लामा समग्रमा सुन्तलाको उत्पादन घटेको जनाइएको छ ।

राखुगाउँका एउटै किसानले रु पाँच लाखदेखि रु नौ लाखसम्म सुन्तला बिक्री गरेर आम्दानी गरेका छन् । राखुकी मनकुमारी पुनले यस वर्ष रु नौ लाखको सुन्तला बिक्री भएको बताए । उनले विगत डेढ दशकदेखि नर्सरी स्थापना गरी सुन्तलाको बिरुवा उत्पादन गर्दै आएका छन् ।

अगुवा कृषक पुनले यस वर्ष अन्यत्र जिल्लाबाट आएका व्यापारीलाई बोटबाटै सुन्तला बिक्री गरेको बताए । सुन्तला उत्पादनका लागि जिल्लामै प्रख्यात मानिने तल्लो र माथिल्लो राखुमा रहेका ६५ घरधुरीले यस वर्ष करिब डेढ करोडको सुन्तला फलाएको अर्का अगुवा कृषक खिम पुनले जानकारी दिए । सो गाउँका कृषकले न्यूनतम ३० हजारदेखि नौ लाखसम्मको सुन्तला उत्पादन गरेका छन् ।

यस वर्ष नयाँ बोटले समेत फल दिएकाले आम्दानी बढेको सुन्तला जोन कार्यक्रमका संयोजकसमेत रहेका खिम पुनले जानकारी दिए । "उत्पादन घटे पनि आम्दानी घटेको छैन, सुन्तला खेतीमा लागेका कृषकले घरआँगनमै लाखौं कमाएका छन्", उनले भने । राखुबाट सुन्तला खरिद गरी सुर्केमेलाको सडकमा ग्रेडिङ गरी काठमाडौं पठाउन लागेका कृषक पुनले जिल्लामा सबैभन्दा धेरै सुन्तला उत्पादन हुने राखु क्षेत्रको सुन्तला खरिदमा व्यापारीले प्रतिस्पर्धा गर्दा किसानले उचित मूल्यसमेत पाएको बताए । यहाँका सुन्तला यस वर्ष काठमाडौंका व्यापारीले बोटबाट नै खरिद गरेका उहाँले जानकारी दिए ।

राखुमा कुलबहादुर गर्बुजा, जशीकला रोका, भीमकुमारी घर्ती, खिरमती राना, थबहादुर पुन, जसबहादुर घर्ती मगरलगायते सात लाखभन्दा बढीको सुन्तला फलाएका छन् भने सुन्तला बिक्री गरेर रु चार लाखभन्दा धेरै कमाउने कृषकको संख्या हरेक वर्ष बढ्दै गएको छ । परम्परागत खेतीबाली लगाउन छाडेर व्यावसायिक सुन्तला खेती गर्दै आइरहेका राखुका राजेन्द्र रोका र मनबहादुर बुढाथोकीले यस वर्ष नयाँ बिरुवा थपेका छन् । सुन्तला खेतीले कृषकको जीवनस्तरमा समेत परिवर्तन आएपछि गत वर्षदेखि गाउँभरि नै सुन्तलाका थप बिरुवा रोपिएको वडाध्यक्ष पदम पुनले बताए ।

हरेक वर्ष नयाँ बिरुवा वितरण, कृषि ज्ञान केन्द्रसहित विभिन्न निकायबाट समेत प्रोत्साहनका साथै कृषक आफ्नै अगुवाइमा समेत सुन्तलाको खेती विस्तारमा सक्रिय रहेको उनको भनाइ रहेको छ । सुन्तला खरिदका लागि ठूला ट्रक लिएर व्यापारी गाउँमा नै आएका छन् । टाढाटाढाबाट आउन थालेपछि सडकसमेत व्यवस्थित बनाइएको छ । अन्नबालीभन्दा सुन्तला खेती गर्दा नगद आम्दानी हुन थालेपछि राखुका स्थानीय सुन्तला खेतीतर्फ आकर्षित हुँदै गएपछि अहिले बाँझो जमिनसँगै घरआँगनसमेत सुन्तलाको लटरम्मै बोटले पहेलपुर भएको छ ।

# नेप्से परिसूचकमा ३६ दशमलव ५७ अङ्कको सुधार

टुडे समाचारदाता

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३६ दशमलव ५७ अङ्कको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक एक दशमलब ८० प्रतिशतले बढेर दुई हजार ५९ दशमलब ४९ को बिन्दुमा कायम भएको छ ।

तीन सय नौ कम्पनीको सोमबार एक करोड ३७ लाख नौ हजार दुई सय ७६ कित्ता शेयर ९९ हजार पाँच सय २४ पटक खरिद बिक्री हुँदा रू चार अर्ब ६७ करोड ५२ लाख २४ हजार नौ सय छ बराबरको कारोबार भएको छ । म्युचुअल फन्ड शून्य दशमलव ०१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा बढी जीवन बीमा समूह तीन दशमलब ७२ र अन्य समूह दुई दशमलब ५७ प्रतिशतले बढेको छ ।

चारवटा कम्पनीको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ । सिङ्गटी हाइड्रो इनर्जी लिमिटेड, मोदी इनर्जी लिमिटेड, त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि देखिएको हो ।


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट

## ३५ दिने सार्वजनिक सुचना

उपरोक्त सम्वन्धमा जि.रौ.गा.वि.स.झुन्खुन्वा वडा नं.९ हाल यमुनामाइ गापा ५ वस्ने दिपक कुमारलाल कायस्थको नाम दर्ताको जि.रौ.गा.वि.स.झुन्खुन्वा वडा नं.७क कि.न.३८।५२६ को ०-१-१० र कि.न.३८।५२७ को ०-१-५ जगाको मोही झुन्खुन्वा ७ हाल यमुनामाइ गापा ५ बस्ने जालिम मिया कवारीको मृत्यु पछि हकखाने एक मात्र छोरा सैफुल्ला मियाले माग गरेको दावीमा प्रतिवादीको नाममा म्याद जारी हुदा शुरुको म्याद गुजारी बसेकोले यस कार्यालयको मिति २०८०।९।५ मा मोही नामसारी हुने गरी निर्णय भएकोले यो निर्णयमा ज.ध.दिपक कुमारलाल कायस्थले ऐनको म्याद भित्रमा सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र श्री उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगजमा पुनरावेदन गर्न जानु हुन सुचना जारी गरिएको छ । म्याद नाघेपछि कानुन बमोजिम हुनेछ । पछि उजुर दावी लाग्ने छैन ।



## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुर तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/०९/२४ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०६/२४ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणी तथा जमानतकर्ताले कर्जा चुक्ता नगरेको तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुर**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/१०/१० गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुर**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवाब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणी :** प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन बन तथा वातावरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोतरीमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७६/११/११ मा प्रा.फ.र.न. ६२२२/६५२/०७६/०७७ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, धनुषा, करदाता सेवा केन्द्र बर्दिवास महोत्तरीबाट मिति २०७६/११/१२ मा करदाताको नाम शुसिल कुमार महतो, कारोवारको नाम **रंजित ट्रेडर्स** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३११५४९० को प्रमाणपत्र प्राप्त **रंजित ट्रेडर्स । रजिष्ट्रड ठेगाना :** धनुषा जिल्ला, बर्दिबास नगरपालिका, वडा नं.१२, विजलपुरा महात्तरी । | **प्रोप्राइटर तथा जमानतकर्ता : शुसिल कुमार महतो** (ना.प्र.नं. १८३०६३/१६३, जारी मिति २०६३/१०/१७, जारी गर्ने कार्यालय जि.प्र.का.महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स.,वडा नं.०१ (हाल महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. १२) । बाबु : महादेव कोइरी । बाजे : मिश्रीलाल महतो । |
| **जमानतकर्ता : रनजिता कुमारी महतो** (ना.प्र.नं. १८-०५-७५-०१८२४, जारी मिति २०७५/०९/२७, जारी गर्ने कार्यालय जि.प्र.का: महोत्तरी) । ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा., वडा नं. १२ । बाबु : अन्ना कुमार महतो । पति/ससुरा : सुशिल कुमार महतो/महादेव कोइरी । | **जमानतकर्ता : लिला देवी** (ना.प्र.नं. ३१२३, जारी मितिः २०४६/०३/२५, जारी गर्ने कार्यालय जि.प्र.का महोत्तरी । ठेगाना : महोत्तरी जिल्ला, विजलपुरा गा.वि.स.वडा नं.०१ (हाल महोतरी, बर्दिवास न.पा., वडा नं. १२) । बाबु : राम बहादुर महतो । पति : महादेव कोइरी । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. लिला देवीको नाममा मालपोत कार्यालय बर्दिवास, महोतरीमा दर्ता श्रेष्ता कायम रहेको महोतरी जिल्ला, बिजलपुरा गा.बि.स.वडा नं. १, नक्सा सिट नं. १ख स्थित कि.नं.४०३ क्षेत्रफल ०-१-२.५-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण..................१

२. शुसिल कुमार महतोको नाममा मालपोत कार्यालय बर्दिवास, महोतरीमा दर्ता श्रेष्ता कायम रहेको महोतरी जिल्ला, बिजलपुरा गा.बि.स.वडा नं.१, नक्सा सिट नं.१क स्थित कि.नं.६५५ क्षेत्रफल ०-५-०-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ..१

३. ऋणी रंजित ट्रेडर्स समेतको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण........................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरबाटसमेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# मेयर जायसवाल भ्रस्टाचारी हो : उपप्रमुख चौधरी



**राकेश यादव**

गौर । रौतहटका गरुडा नगरपालिकाका उप-प्रमुख पूनमकुमारी चौधरीले मेयर कन्थमुनिप्रसाद जयसवाल भ्रष्टाचारी रहेको आरोप लगाएकी छन् । सो नगरपालिकाका जनप्रतिनिधिहरुले थालेको आन्दोलनमा सहमति जनाउँदै उप-प्रमुख चौधरीले मेयर जयसवालले व्यापक अनियमितता गरेको बताउँदै अनियमिततालाई ढाकछोप गर्नकालागि उनी विभिन्न प्रपञ्च रच्दै आएको बताएकी छन् ।

नगर प्रमुखविरुद्धमा सो नगरपालिकामा गरिएको तालाबन्दी सोमबार चौथो दिन पनि जारी रह्यो । नगर प्रमुख जयसवालले छोराको इशारामा नगरपालिकालाई आफ्नो घर जस्तो चलाउने गरेको आरोप लगाइन् । वड़ा अध्यक्षहरुको अधिकार कटौती गर्दै मेयर जयसवालले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त विकास बजेटको दुरूपयोग गरेका कारण आन्दोलनमा बस्नु परेको उल्लेख गरे ।

आर्थिक वर्ष २०७९/०८० को नगर सभामा गरेको मनोमानी, बिना निर्णयको कर्मचारी भर्ना, आफ्नो ढंगबाट अन्य वड़ा अध्यक्षलाई उपेक्षित गर्दै सञ्चालन गरेको योजना, विद्युत् बत्ती जड़ान, घुम्ती शौचालय खरिदमा अनियमितता गरेको दावी नगर उप-प्रमुख चौधरीको रहेको छ ।

कार्यपालिकाको बैठक नगरी आफ्नो एकल निर्णयबाट अन्य सबैलाई उपेक्षित गर्दै नगर प्रमुख जयसवाल प्रस्तुत हुने गरेको बताउँदै उपप्रमुख चौधरीले कर्मचारी भर्ना, नगरपालिकाबाट भएको भुक्तानी, गरेको कार्य, नगर सभाको निर्णय सार्वजानिक गर्न पटक-पटक आग्रह गर्दा पनि कुनै वास्ता नगरेकाले ६ वटा वड़ा अध्यक्ष र तीन जना कार्यपालिका सदस्य सहित १० जना धर्नामा बसेको उनले बताए ।

गरुडा नगरपालिकालाई भ्रष्टाचारको अखाड़ा बनाउन खोजेका नगरप्रमुख जयसवालविरुद्ध आन्दोलित भएका वड़ा नम्बर ६ का वड़ा अध्यक्ष राम बाबु चौधरीले बताए । उनले मेयर बुवा भए पनि नगरपालिकामा नगर प्रमुखको छोराले हैकमबादी शैली देखाउने गरेको आरोप लगाए ।

छठ पर्वमा नगरप्रमुखले वितरण गरेका दाउरा, साडीमा पनि अनियमिता भएकाले छानविन गर्न माग समेत गरे । गरुडा नगरपालिकालाई आफ्नो निजी व्यापर बुझेका मेयर जयसवालले कमिसन असुली गर्नका लागि २ वटा छोरालाइ परिचालन गरेको दावी गरे ।

नगर प्रमुखका छोरा शैलेश र रवि जयसवालले प्रमुख प्रशासकीय अधिकृत तथा लेखा शाखामा दिनहुँ बस्ने गरेको र कमिसन दिनेलाई भुक्तानी गराउने र नदिनेको योजनाको रकम रोक लगाउने गरेको वड़ा अध्यक्ष कृष्णनन्दन सहनीले बताए ।

वड़ा कार्यालयमा कर्मचारी नपठाउँदा सेवाग्राहीको कामकाजमा समस्या भइरहेको गुनासो गर्दै वड़ा अध्यक्ष सहनीले बिना सूचनाको करार सेवामा नियुक्ति दिएका कर्मचारीलाई घरमा बसाएर तलब खुवाउने गरेको उल्लेख गरे ।

नगरपालिकाको विकास गर्ने तर्फ कुनै ठोस योजना नल्याएको मेयर जयसवालले खुलेयाम रुपमा अनियमितता गरिरहँदा पनि सम्वन्धित निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कुनै चासो नदेखाएको गुनासो गरे ।

टावर लाइट जड़ान, मोबाइल खरिद, दुर्गा मन्दिर निर्माण, सड़क निर्माणमा अनियमितता गरेका मेयर जयसवाललाई सिँचाई, शिक्षा, स्वास्थ्यमा बजेट बिनियोजन गर्न भन्दा नगरेको वड़ा अध्यक्ष सहनीले बताए ।

# उखुको तस्करीले किसान पीडामा

**संजयकुमार यादव**

जनकपुरधाम । तराई मधेशका किसानहरु चिनी मिलको भुक्तानी प्रक्रियालाई लिएर पीडामा रहेकै बेला चिनी मिलहरुले भारतबाट उखु आयात गर्न थालेपछि नेपाली किसानहरु थप पीडामा परेका छन् । बाली बेचे पनि वर्षौसम्म भुक्तानी नपाइने, बाली तयार भएर पनि मिलले समयमा चलान नदिने, सरकारले उचित मूल्य निर्धारण नगर्ने जस्ता अनेकन पीडा झेल्दै आएका उखु किसानहरु पछिल्लो समय भारतीय उखुको तस्करीले थप संकटमा परेका छन् ।

मधेशका प्रदेशका विभिन्न जिल्लाहरुमा सञ्चालनमा रहेका चिनी उद्योगहरुमा भारतबाट उखु तस्करी गर्न थालेपछि यहाँका किसानहरु थप पीडामा परेका छन् । नेपाल- भारतका खुल्ला सिमानाका कारण बिचौलियाहरु भारतबाट तस्करी गरी ल्याएका उखु यहाँका उद्योगहरुमा पुरयाएपछि यहाँका किसानहरु समस्यामा परेका छन् ।

सर्लाही र रौतहटको सीमावर्ती क्षेत्र मधुबनीको शितलामाई, नयाँ सडक, सिजुवाअर्नाहा, बलरा छतौनाको छनकी सेढ्वाभएर दैनिक रुपमा २० वटा टायरगाडा र त्यतिकै ट्रयाक्टरमा भारतीय उखु तस्करी भइ मधेश प्रदेशका चिनी उद्योगहरुमा पुग्ने गरेको बताइन्छ ।

तस्करीको माध्यमबाट नेपाल भित्रि्याइएको भारतीय उखुहरु यस क्षेत्रका महालक्ष्मी सुगर मिल बगदह, इन्दुशंकर चिनी उद्योग हरिवन, बाबा बैजुनाथ सुगर एण्ड केमिकल इन्डष्ट्रिज प्रा.लि. प्रिपापोखरिया सहितका चिनी उद्योगमा पुग्ने गरेको स्रोतको दावी छ । त्यसैगरि, महोत्तरीको सम्सी, खैरबनि सहितका नाकाबाट भारतीय उखुको तस्करी भई महोत्तरीको एभरेष्ट सुगर मिल्स राम नगरमा विचौलियाहरुले नेपाली उखु बताउँदै पुर्याउने गरेको सीमा क्षेत्रका बासिन्दाहरुको भनाइ छ ।

मधुबनी नाकाबाट ल्याइने भारतीय उखुलाई सर्लाहीको बलरा नगरपालिकामाको सेढवामा राखेको काँटा तौल गरी भारतीय किसानहलाई बिचौलियाहरुले नगद रुपमै पैसा दिने गरेका छन् ।

त्यसैगरि, सिरहाका हिमाल सुगर उद्योगमा सिरहाका सीमावर्ती क्षेत्र सुरसण्डी, औरही, पटेर्वा, नवराजपुरसहितबाट भारतीय उखु नेपाल भित्रिने गरेको किसानहरुको भनाइ छ । नेपाली विचौलियाहरुले भारतीय किसानहरुको खेतमागएर प्रति क्विन्टल ४ सय ५० देखि ५ सय १० रुपैयाँमा नगदै खरिद गरी तस्करी गरेर नेपाल ल्याउने गरेका छन् ।

सीमावर्ती क्षेत्रमा खट्ने सशस्त्र प्रहरी तथा नेपाल प्रहरीलाई प्रति टयाक्टर का दरले निर्धारित रकम दिएपछि बिचौलियाहरुलाई लाईन दिने गरेका छन् । भारतमा नेपाल भन्दा उखुको मूल्यांकन कम छ । भारतीय चिनी उद्योगहरुले प्रति क्विन्टल २ सय ५० देखि ३ सय रुपैयाँ अर्थात ४ सयदेखि ४ सय ८० रुपैयाँ नेपालीमा भारतीय किसानहको उखु लिने गरेको छ । फेरि भारतीय चिनी उद्योगहरुले किसानलाई समयमै भुक्तानी दिदैन । त्यसकारणले पनि भारतीय किसानहरुले सहज रुपमा उखु बच्ने गरेको एक बिचौलियाले बताए ।

यता, नेपाल सरकारले प्रति क्विन्टल ५ सय ६५ रुपैयाँ मूल्य निर्धारण गरेको छ । त्यसवाहेक नेपाल सरकारले प्रति क्विन्टल ७० रुपैयाँ र मधेश प्रदेश सरकारले प्रति क्विन्टल १० रुपैयाँ गरी ८० रुपैयाँप्रति क्विन्टल किसानले अनुदान पाउँदै आएको छ । यस हिसाबले नेपाली उखु किसानले प्रति क्विन्टल ६ सय ४५ रुपैयाँ पाउने गरेका छन् । त्यस वाहेक अर्यली जातका सियो ०८५, १५०२३, ०२३९ सहितका उखु उत्पादन गर्ने किसानले थप प्रति क्विन्टल १५ रुपैयाँ पाउने गरेका छन् ।

यसरी भारतीय किसानहरुसँग कम मूल्यमा उखु खरिद बिचौलियाहरु नेपालका चिनी उद्योगहरुलाई महँगोमा बेचेर बीचको रकम कमाइ रहेका छन् । भारतीय उखु तस्करी गरी आफ्नो मिलमा आउने गरेको यहाँका चिनी उद्योगहरुलाई पनि थाहा हुन्छ सर्लाहीका हरिवनका एक किसान भन्छन-'भारतीय उखु तस्करी गर्ने बिचौलियालाई झन यहाँ चिनी उद्योगहरुले बढी प्राथमिकता दिन्छ । यहाँका किसानहरु उखु बेचेको धेरै दिनपछि भुक्तानी पाउँछन् । तर बिचौलियाँहरुलाई समयमै भुक्तानी दिएर पठाउँछन् ।'

चिनी उद्योगहरु यस्तो किन गर्छन् जिज्ञासामा उनी भन्छन,' नेपालमा थोरै मात्रामा उखुको खेती हुन्छ । यहाँका उद्योगलाई उखु पुग्दैनन् । चिनीउद्योग वर्ष भरिमा १ सय ५० दिनचले पछि मात्रै यहाँका उद्योगहरुलाई फाइदा हुन्छ । तर नेपालमा उत्पादन हुने उखुले यहाँका उद्योगहरुलाई ८० दिन सम्मको लागि पुग्दैनन् । त्यसकारण पहिलो चरणमा यहाँका उद्योगहरुले बिचौलियाले ल्याएको उखुलाई बढी प्राथमिकता दिने गर्छन् ।'

उनीसँगै रहेका अर्का उखु किसान बलराम यादवले भने-'कतिपय चिनी उद्योगहरु आफै बिचौलियाहरुलाई परिचालन गरेर भारतीय उखु मिलसम्म ल्याउने गरेका छन् । यस्तो गर्दा चिनी उद्योगहरुमा आवश्यक उखुको अभाव हुदैनन् । उद्योग केही दिन बढी चलेपछि व्यवसायीलाई फाइदा हुन्छ ।' सरकारले उखुमा दिने अनुदान वास्तविक भन्दा बिचौलियाहरुले बढी फाइदा उठाउने गरेको उनले बताए ।

महोत्तरी गौशाला नगरपालिका -१ रामनगरका किसान डम्बर वहादुर बुढाथोकीले भारतीय उखु यहाँका उद्योगहरुमा पुगे पछि यहाँका किसानहरुलाई ठूलो समस्या हुने गरेको बताए । भारतीय उखु यहाँ आएपछि नेपाली किसानले उत्पादन गरेको उखुको चिनी उद्योगहरुले समयमा खरिद गर्दैनन्, नेपाली किसानलाई ढिलो गरी चलान दिन्छ, समयमा उखु नकाटिदा चल्ने चिसो हावाले उखुहरु सुकेर तौल घटन जान्छ । तौल घटेपछि किसानहरु मर्कामा पर्छ ।'

सोही स्थानका अर्का किसान रामेश्वर श्रेष्ठ भन्छन-'यहाँका किसानहरु उखु लिएर मिलमा जाँदा दुई दिन सम्म आफ्नो पालो पर्खि बस्नुपर्छ । दुई दिन सम्म लाईनमा बस्दा उखुको तौल कम हुँदा किसानलाई घटा लाग्छ । अर्कोतिर दुई दिन सम्म मिलमै लाम लाग्नुपर्ने हुँदा सवारीको भाडा पनि दोव्वर लाग्छ र खानपानमा पनि थप खर्च हुन्छ ।'

एक त चिनी उद्योगहरुले नेपाली उखु किसानलाई समयमा भुक्तानी दिदैनन्, उनी अगाडि भन्छन,' उखुलाई मिलमा काँटा नगराएसम्म विभिन्न झमेलाहरु हुन्छ । त्यसकारण नेपाली किसानहरु उखु खेतीतर्फ आकर्षित हुन सकिरहेका छैनन् ।'



मधेश प्रदेशका ८ वटै जिल्लामा ४३ हजार ५ सय ५७ हेक्टर जमिनमा उखु खेतीहुँदै आएको छ । मधेश प्रदेशका कृषि निर्देशनालयका अनुसार सबभन्दा बढी सर्लाही जिल्लामा १७ हजार ३ सय ७० हेक्टर जग्गामा उखु खेतीहुँदै आएको छ भने सबै भन्दा कम सप्तरी जिल्लामा २ सय हेक्टर जग्गामा मात्र उखु खेतीहुँदै आएको छ । निर्देशालनका अनुसार मधेश प्रदेशमा वार्षिक २० लाख मेट्रिक टन उखु उत्पादन हुने गरेको छ ।

नेपाल फार्मस एडभाईजरी काउन्सिल प्रालिका डाईरेक्टर बरुलाल श्रेष्ठले नेपालमा उत्पादन हुने चिनी नेपाली जनताको ६० प्रतिशत आवश्कतालाई मात्रै पूरा हुने गरेको र ४० प्रतिशत चिनी भारतसहित अन्य मुलुकबाट आयात हुने गरेको उनी बताउँछन् । मधेश प्रदेश उखु उत्पादनको राम्रो क्षेत्र रहे पनि किसानहरु अझै उखु खेती प्रति आकर्षित हुन सकिरहेको छैन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक दिपेन्द्र पञ्जियार प्रहरीले उखुको तस्करी नियन्त्रणमा कडाइ गरिरहेको दाबी गर्छन् । 'प्रहरीले कडाइ गरिरहेको छ । खुला सीमाका कारण पनि किसानहरूले गुनासो गर्नुभएको हुन सक्छ,' उनी भन्छन् ।

कतिपय अवस्थामा विचौलियाहरूले प्रहरीलाई झुक्याउने गरेका छन् । प्रहरीले भेट्टाएर सोधखोज गर्दा उनीहरूले फलानो किसानकोबाट ल्याएको भन्ने जवाफ दिने गरेका छन् । जसका कारण प्रहरी पनि विश्वस्त हुँदा नेपाली किसानहरू मर्कामा परेका छन् ।

मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री गोविन्दवहादुर न्यौपाने मधेश प्रदेश उखु खेतीको लागि उपयुक्त क्षेत्र भए पनि यसप्रति राज्यले खासै ध्यान नदिएको बताउँछन् । विगतमा संघीय सरकारले उखु खेती प्रति खासै ध्यान दिएनन, मन्त्री न्यौपाने भन्छन-'अव प्रदेश सरकारले हरेक बालीको पकेट क्षेत्र घोषणा गरी सो अनुसार प्रदेश सरकारले लगानी गर्ने तयारी गरिरहेको छ । अव उखु खेतीप्रति किसानहरुको आकर्षण कसरी बढ्ने विषयमा प्रदेश सरकारले कार्यक्रम थाल्नेछ ।'

मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. शरण कुमार पाण्डेयले प्रदेश सरकारले उखु किसानहरुको समस्या तथा उखु खेतीप्रति किसानहरुलाई आकर्षण बढाउन प्रदेश सरकारले उखु विकास बोर्ड स्थापना गर्ने तयारी गरेको बताउँछन् ।

# वीरगञ्जमा ठूलो परिमाणको अवैध औषधि बरामद

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्जमा ठूलोमात्रामा अवैध औषधि बरामद भएको छ । औषधि व्यवस्था विभागले छापामारी गर्दा अवैध औषधि बरामद गरेको छ ।

औषधि व्यवस्था विभाग वीरगञ्ज कार्यालयबाट खटेको टोलीले एक गोदाममा छापा मारेर नेपालमा अस्विकृत रहेको ठूलो परिमाणको भारतीय आयुर्वेदिक औषधि बरामद गरी जफत गरेको छ ।

विशेष सूचनाको आधारमा गएको टोलीले वीरगञ्ज महानगरपालिका १६ नगवा स्थित एक घरको गोदाममा छापा मारेर करिब १५ लाख रुपैयाँ मूल्यको प्रतिबन्धित आयुर्वेदिक औषधि बरामद गरी जफत गरेको छ ।

वीरगञ्जस्थित औषधि व्यवस्था विभागका निमित्त कार्यालय प्रमुख मुकेन्द्र पञ्जियारको नेतृत्वमा खटिएको टोलीले उक्त मात्राको औषधि बरामद गरेको छ । बरामद गरिएको औषधि दुखाइ कम गर्नकालागि मालिस गरिने र खाने झोल रहेको निमित प्रमुख पञ्जियारले बताए ।



भारत पटनाको श्री वैद्यनाथ आयुर्वेद भवनद्वारा उत्पादित विभिन्न ब्रान्डका १८० वटा कार्टुनमा रहेका ८ हजार बोतल औषधि बरामद गरिएको जनाइएको छ ।

औषधि जफत गर्नुका साथै ती औषधि भारतबाट अवैध रुपमा वीरगञ्जमा ल्याएर भण्डारण गर्ने सिरहा जिल्ला घर भएका हिमालयन सप्लायरका व्यवस्थापक अतिक अनवरलाई नियन्त्रणमा पनि लिइएको पञ्जियारले जानकारी दिए ।

औषधि व्यवस्था विभागबाट परीक्षण गर्दा 'गुड म्यानुफ्याक्चरिङप्राक्टिस' मा उक्त कम्पनीद्वारा उत्पादित औषधि अनुपयोगी भएकाले नेपालमा आयात र बिक्री वितरण गर्न औषधि व्यवस्था विभागले प्रतिबन्ध लगाएको छ ।

तर अनवरले उक्त भारतीय कम्पनीको औषधि आयात गरेर बिक्री वितरणका लागि भण्डारण गरेको सूचना पाइए पछि आवश्यक कारवाही अगाडि बढाइएको जनाइएको छ । बरामद औषधि जफत गर्नुका साथै व्यवस्थापक अनवरलाई पनि नियन्त्रणमा लिएर कारबाहीको प्रक्रिया अगाडि बढाइएको पञ्जियारको भनाइ थियो । नियन्त्रणमा लिइएका अनवरलाई जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा पठाइएको छ ।

# कम्बल वितरण गर्ने तयारीमा मधेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेशका ८ वटै जिल्लामा २० हजार कम्बल वितरण गर्ने भएको छ ।

मंसिरको अन्तिम सातादेखि मधेश प्रदेशका जिल्लाहरुमा हुस्सु र दिउँसो चल्ने हावाले चिसो बढेपछि मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री तथा प्रदेश सरकारका प्रवक्ता मोहम्मद समिमको अध्यक्षतामा बसेको प्रदेश विपद् व्यवस्थापन समितिको वैठकले गरिब, विपन्न तथा असहायलाई कम्बल वितरण गर्ने निर्णय गरेको छ ।

मन्त्री समिमले जाडो याममा हुनसक्ने विपद्लाई मध्यनजर गर्दै आवश्यक तयारीका लागि विभिन्न सरोकारवाला निकायसँग छलफल गरी विपद् जोखिम न्यूनीकरणका लागि न्यानो कपडा वितरणदेखि हुस्सुको कारण हाइवेमा हुने सडक दुर्घटना रोक्न सम्मको योजना बनाएका छन् ।

प्रदेशका ८ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालय मातहत रहेका जिल्ला विपद् व्यवस्थापन समिति मार्फत २० हजार कम्बल वितरण गरिने मन्त्री समिमले बताए । उक्त कम्बल नेपाली सेनाबाट जि टु जि प्रक्रिया मार्फत खरिद गरिएको मन्त्रालयले जनाएको छ । जाडोबाट प्रभावित हुने गरिव विपन्न वर्गमा राहतका लागि न्यानो कपडा, कम्बल, तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी दाउरा वितरण लगायतका कार्यहरु भइरहेको मन्त्री समिमले बताए ।

चिसोमा लाग्ने हुस्सुको कारण हाइवेहरुमा सवारी दुर्घटना बढ्ने भएकोले सवारी साधनको निगरानी गर्न सुरक्षा निकायलाई निर्देशन समेत दिएको उनले बताए ।

त्यसैगरि चिसो छल्न खास गरी ग्रामीण क्षेत्रमा लगाइने घुरले पनि आगलागी लगायतका घटनाहरु विगतमा हुने गरेकाले त्यसलाई न्यूनीकरणका लागि सर्वसाधारणमा जनचेतना जगाउने उद्देश्यले जनचेतनामूलक कार्यक्रम समेत सञ्चालन गरिने मन्त्री समिमले जानकारी दिए ।

चिसोबाट हुनसक्ने क्षतिको विषयमा सर्वसाधारणलाई जनचेतना जगाउने, विपद् व्यस्थापन तथा जोखिम न्यूनीकरणको क्षेत्रमा काम गर्ने जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा गैर सरकारी संघसँस्थासँग समन्वय गरेर आवश्यकता अनुसार थप कार्यक्रम गर्न सरकार गम्भीर रहेको उनले बताए ।

# पिछडिएका समुदायको बालबालिकाका लागि फुटवल क्लिनिक सुरु

**टुडे समाचारदाता**

राजविराज । सीमान्तकृत एवम् पिछडिएका बालबालिका केन्द्रित फुटवल क्लिनिक सोमवारदेखि यहाँ सुरु भएको छ ।

पिछडिएका समुदायका बाल बालिकालाई प्रशिक्षण दिइ राम्रा प्रतिभाको उत्पादन तथा उनीहरुको शारीरिक, मानसिक र बौद्धिक विकास समेत गर्ने उद्देश्यले राजविराजको राज रंगशालमा संचालन गरिएको छ ।

सात दिन सम्म चल्ने कार्यक्रममा जिल्लाको विभिन्न विद्यालयका पिछडिएका समुदायको ६ देखि १३ वर्ष सम्मका बालबालिकाको सहभागिता रहेको छ । उक्त प्रशिक्षण कार्यक्रममा ४० जना बालक र ४० जना बालिका गरी कुल ८० जनाको सहभागिता रहेको जिल्ला फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारले जानकारी दिए ।

एन्फा फुटवल क्लिनिक चिल्ड्रेन नाम दिइएको उक्त परियोजना एएफसि ड्रिम एशिया फाउन्डेशन र अखिल नेपाल फुटवल संघ (एन्फा) को सहयोग तथा जिल्ला फुटवल संघको समन्वयमा सञ्चालनमा ल्याइएको एन्फाको ग्रासरुट विभाग प्रमुख पंकज बहादुर शाहीले बताए ।



सामाजिक उत्तरदायित्व अन्तर्गत सप्तरीमा पहिलो पटक यस्तो कार्यक्रम हुन लागेको र यसले निकै उपलब्धि प्राप्त हुने उनको भनाइ थियो । परियोजनका लागि प्राविधिक सहयोग उपलब्ध गराएको एन्फाले खेलकुद सामग्री तथा शैक्षिक सामग्रीसमेत उपलब्ध गराएको उनले जानकारी दिए ।

फुटवलको गतिविधिलाई जिल्ला जिल्लामा तीव्र पार्ने तथा बालबालिकाको फुटवल तर्फ आकर्षण बढाउने उद्देश्यले बनाइएको कार्ययोजना अनुरुप यस्तो कार्यक्रम सञ्चालनमा ल्याइएको संघले जनाएको छ ।

उक्त कार्यक्रममा सहभागी बाल खेलाडीहरुलाई संघका प्रशिक्षक सीताराम चौधरी, संतोष चौधरी, उज्जवल सिंह सेवा र अजय श्रेष्ठले प्रशिक्षण दिइरहेका छन् ।

यो कार्यक्रम एन्फा र एएफसी ड्रिम एशिया फाउन्डेशनकै महत्वाकाँक्षी परियोजना रहेको र यसले स्तरीय तथा उत्कृष्ट खेलाडी उत्पादनमा ठूलो मद्दत पुऱ्याउने विश्वास गरिएको छ ।

## सूचना

यस धनुषा निर्माण व्यवसायी संघको १६ औं साधारण सभा मिति २०८०।०९।२८ गते शनिबारका दिन हुने भएका हुनाले सम्पूर्ण निर्माण व्यवसायी सदस्य ज्यूहरुले यसैलाई सूचना मानि उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**स्थान** :- महेन्द्र नारायण निधी, मिथिला साँस्कृतिक केन्द्र, तिरहुतिया गाछी, जनकपुरधाम

**समय** :- बिहान ९:०० बजे

**मिति** :- २०८०।०९।२८ गते शनिबार

रमेश कुमार यादव
महासचिव

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८